# २०औं बार्षिक साधारण-सभाको कार्यक्रम

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक न.पा.१, विरुवा भक्तपुर फोनः ०१-५१४३०१४
इमेलःchamelisaccos59@gmail.com
वेभसाइटःwww.chamelisaccos.org.np

## संस्थाको परिकल्पना र ध्येय :

**परिकल्पना (Vision)**: सदस्यहरुको आर्थिक तथा सामाजिक उन्नतिका लागि समुदायमा जनविश्वास प्राप्त दिगो संस्था ।

**ध्येय (Mission) :** वित्तीय तथा मानवीय श्रोत र साधनको अधिकतम परिचालन गरी सदस्यहरुको आर्थिक तथा सामाजिक उन्नतिका लागि सरल र सहजरुपले वित्तीय र अन्य सेवाहरु उपलव्ध गराउने नमूना सहकारी संस्था ।

# मङ्गलमय शुभकामना

यहि आउँदै गरेको विजया दशमी,

शुभ–दीपावली, छठ पर्व तथा नेपाल सम्बत्

११४३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य

तथा शुभेच्छुक दाजुभाई दिदी बहिनीहरूमा

सु–स्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक

मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**चमेली कल्याणकारी बचत तथा ऋणसहकारी**

**संस्था लि. परिवार**

# २० औं बार्षिक साधारण सभाको कार्यक्रम

## २०७९।०६।०१

कार्यक्रम संचालक: मिठाराम न्यौपाने

## पहिलो सत्र

**१. आशन ग्रहण**

(क) सभापति : कार्यवाहक अध्यक्ष श्री चन्द्रराज खड्का

(ख) प्रमुख अतिथी: अध्यक्ष, नेफ्स्कुन  श्री परितोष पौड्याल

(ग) विशेष अतिथिहरू:

(घ) अतिथीहरू :

२. प्रमुख अतिथि र अतिथीहरूलाई व्याच वितरण
३. स्वागत मन्तव्य : उपाध्यक्ष
४. कार्यक्रम उद्घाटन : प्रमुख अतिथीबाट
५. सचिवबाट आ.व. २०७८।०७९ को बार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०७९।०८० कोकार्यक्रमिक प्रतिवेदन प्रस्तुत
६. कोषाध्यक्षबाट आ.व. २०७८।०७९ को आर्थिक प्रतिवेदन तथा आ.व. २०७९।०८८ को बजेटप्रस्तुत
७. आ.व. ०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत
८. लेखासमितिको प्रतिवेदन प्रस्तुत एवं लेखा परिक्षकको पारिश्रमिक तथा नियुक्ति सम्बन्धमा ।
९. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न १३ जना सदस्यको मनोनयन
१०. प्रमुख अतिथीज्यूबाट सम्मान तथा पुरस्कार वितरण
११. अतिथिज्यूहरूबाट शुभकामना मन्तव्य
१२. प्रमुख अतिथिज्यूबाट शुभकामना मन्तव्य
१३. सभापतिबाटप्रमुख अतिथीलाई मायाको चिनो प्रदान
१४. सभापतिबाट मन्तव्य सहित पहिलो-सत्र विसर्जन ।

## दोश्रो सत्र

१. सभापतिको आशनग्रहण : अध्यक्ष चन्द्रराज खड्का
२. साधारणसभाको बैधानिकता सम्बन्धमा ।
३. सचिवको कार्यक्रमिक प्रतिवेदनमाथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४. आ.व. ०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा।
५. कोषाध्यक्षको बार्षिक आर्थिक प्रतिवेदनमाथि छलफल तथा अनुमोदन ।
६. आ.व. ०७८।०७९ को लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. नीति तथा आन्तरिक कार्यविधिहरुको अद्यावधिक तथा नयाँ नीति तथा कार्यविधिहरुको पारित सम्बन्धमा ।
८. विनियम संशोधन पारित सम्बन्धमा ।
१०. निर्वाचन सम्बन्धमा ।
११. विविध ।

# २०औं बार्षिक साधारणसभामा प्रस्तुत का. अध्यक्षको मन्तव्य



**चन्द्रराज खड्का**
**का. अध्यक्ष**

२०औं वार्षिक साधारणसभाका प्रमुख अतिथीज्यू, विशेष अतिथीज्यू, पूर्व अध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न सहकारी संस्थाबाट पाल्नुभएका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, संचालक समितिका सहकर्मी मित्रहरू, विभिन्न उप-समितिका संयोजकज्यूहरू, सदस्यज्यूहरू, कर्मचारी मित्रहरु एवं पत्रकार मित्रहरु साथै संस्थाको मेरुदण्डका रुपमा रहनुभएका आदरणीय शेयरसदस्यज्यूहरूलगायतसम्पूर्ण शुभेच्छुकहरूमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाटसहकारिताको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

**शेयरसदस्य महानुभावहरू,**

यस संस्थामा आवद्ध शेयर सदस्यहरू कालगतिबाट दिवंगत हुनु भएको छ । संस्थाको १९औं देखि १९ औं साधारण सभा सम्मको अवधिमा दिवंगत हुनु हुने सदस्य १९ जना र सदस्यका एकाघर परिवार भित्रका ३३ जनासमेत गरी जम्मा ५२जनाको यस अवधि भित्र विभिन्न मितिमा हुन गएको दुःखद निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुका साथै दिवंगत आत्माहरूको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

संघीय सहकारी ऐन २०७४, संघीय सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, नियमावली स्थानिय सूर्यविनायक नगरपालिका ऐन २०७४, नियमावली २०७८, सहकारी विभागको २०७९।२।१२ गतेको निर्देशन, सहकारी मापदण्ड र संस्थाको विनियमको पालना गर्दै हरेक गतिविधिहरूको नीति, आन्तरिक कार्यविधि, निर्देशिकाहरूतर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । यस अवधिमा संस्थाको कूल कारोवार रु.७२,९७,१६,३७४।- हुन गएको छ भने कुल आम्दानी रु.८,३२,०८३९५।- मा कूल खर्च रु.५,९१,६१,३५८।- घटाई कूल मुनाफा रु.२,४४,०३,४३७- आर्जन गर्न सफल भएको छ । पर्ल्स अनुगमन विधि अनुरुप हरेक महिना आर्थिक विश्लेषण गर्दै संस्थाको योजना अनुसार कारोवारलाई व्यवस्थापन गरिएको छ । संस्थाको वार्षिक योजना अनुसार वार्षिक लक्ष्य हासिल गर्दै वित्तीय स्थायित्व कायम गर्न संस्था सफल भएको व्यहोरा अवगत गराउँदछु । सदस्यहरूको चाहना, आवश्यकता र माग अनुरुप विभिन्न किसिमका बचत तथा ऋणका नयाँयोजनाहरूसमेत थप गर्दै सदस्यहरूको वित्तीय सेवा केन्द्रको रुपमा संस्था अगाडि बढि रहेको छ । समयानुकुल बचत तथा ऋणको ब्याजदरमा पुनरावलोकन गरी सरल र सहज रुपमा सदस्यहरूलाई सेवा प्रदान गर्दै आएको समेत अवगत गराउँदछु ।

कोरोना महामारीको प्रभावले केही समयदेखि आर्थिक मन्दी समेत भएकोले सदस्यहरुको व्यापार व्यवसायमा परेको असरले संस्थाको आर्थिक क्रियाकलापमा गम्भिर असर परिरहेको अवगत नै छ । यसलाई न्यूनिकरण गर्न यहाँहरुको महत्वपूर्ण भूमिका रहेको र अवका दिनमा समेत यहाँहरुको सहयोगको अपेक्षा गर्दछु र यहाँहरुको समस्यामा संस्था सदैव साथ सहयोगी रहने विश्वास व्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्य तथा अन्य महानुभावहरू,**

**अन्तमा,**

यस संस्थालाई दीगो, सक्षम, विश्वासिलो संस्थाको रुपमा समुदायमा उच्च छवि कायम राख्न महत्वपूर्ण सहयोग, सल्लाह र सुझाव प्रदान गर्दै आउनु भएका सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समिति, पूर्व संचालकज्यूहरू, शेयर सदस्यज्यूहरूलगायत समस्त सहकारीकर्मीहरू, शुभेच्छुक मित्रहरू संस्थालाई यो अवस्था सम्म ल्याउन निरन्तर प्रयत्नशील रहने सहकर्मी संचालक तथा पदाधिकारीमित्रहरू विभिन्न उपसमितिमा रहेर संस्थाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न र जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्ने व्यवस्थापक एवं कर्मचारी मित्रहरू प्रति हार्दिक कृत्तज्ञता व्यक्त गर्दै आउँदै गरेको वडा दशै, शुभ दिपावली, नेपाल सम्वत् ११४३ र छठ पर्वको उपलक्ष्यमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको कामना गर्दै विदा हुन्छु ।

धन्यवाद ।

**जय चमेली सहकारी । २०७६ आश्विन ०४ गते**

# सचिवद्वारा प्रस्तुत कार्यक्रमिक प्रतिवेदन



**मिठाराम न्यौपाने**
**सचिव**

यस सम्मानित गरिमामय २०औं वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्युहरू, अतिथिज्यूहरू, विभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, लेखासुपरिवेक्षण समितिका संयोजक तथासल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू,संचालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थाका व्यवस्थापक एवं कर्मचारी मित्रहरू, पत्रकार मित्रहरू, सुरक्षाकर्मी मित्रहरू, संस्थाका शेयरसदस्य महानुभावहरू एवं संस्थालाई धेरै धेरै माया गर्नु हुने शुभ चिन्तक महानुभावहरूमा चमेली कल्याणकारी साकोसको तर्फबाट र म सचिव मिठाराम न्यौपानेको तर्फबाट सहकारीताको न्यानो न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।

***शेयरसदस्य महानुभावहरू,***

मुलुकमा हाल ३० हजारको हाराहारीमा सहकारी संस्थाहरू दर्ता भएका छन् । यसै सन्दर्भमा तोकिएको कार्यक्षेत्रमा मात्र सिमित भई आफ्नो सदस्यहरूमा वित्तिय गतिविधि गर्दै आएको यस संस्था २० औं वार्षिक साधारणसभासम्म आइपुग्दा संस्थाको सदस्य संख्या, शेयरपूँजि, कोषहरू, बचत संकलन, ऋण लगानी, तरलता व्यवस्थापन तथा मुनाफा आर्जनमा सफल भएको स्पष्ट गराउन चाहन्छु ।

***संस्थाको वित्तिय अवस्था :***

| क्र.सं. | विवरण | चालु वर्ष २०७८/०७९ | गत वर्ष २०७७/०७८ | बृद्धि |
|---|---|---|---|---|
| १ | सदस्य संख्या | ४२७७ | ३७४३ | ५३४ |
| २ | शेयर पूँजी | ५,२४,२१,६०० | ४,५०,००,६०० | ७४,२१,००० |
| ३ | कोषहरू | १०१८७३४५८ | ७,८६,०८,२०९ | २३२,६५,२४९ |
| ४ | वचत | ५५,७३,५०,६३० | ५१,४९,९९,६३७ | ४,२३,५०,९९३ |
| ५ | ऋण लगानी | ५७,८६,६५,९८५ | ४८,३०,१६,२९९ | ९,५६,४९,६८६ |
| ६ | तरलता | ११४,७१६,७२४ | ९,६१,३७,९१९ | १,८५,७८,८०५ |
| ७ | संचालन मुनाफा | २४,४०३,४३७ | १,८२,६७,६४५ | ६१,३५,७९२ |

संस्था कोभिड महामारी र तरलता जोखिमको विषम परिस्थितीमा पनि संस्थाले आफ्नो सेवालाई निरन्तर रुपमा संचालन गरी १९औं वार्षिक साधारण सभाले पारित गरेका कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु सम्पन्न भएको छ ।

| क्र.स. | विवरण | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १. | संचालक समिति | १५ | |
| २. | कार्यकारी उपसमिति | २७ | |
| ३. | ऋण उपसमिति | २२ | |

| | | | |
|---|---|---|---|
| ४. | शिक्षा तालिम तथा सूचना उपसमिति | ४ | |
| ५. | महिला तथा लघुवित्त उपसमिति | २ | |
| ६. | युवा तथा व्यवसाय प्रवर्द्धन उपसमिति | १ | |
| ७. | प्रचार प्रसार तथा प्रकाशन उपसमिति | ४ | |
| ८. | जोखिम व्यवस्थापन कार्यदल | ४ | |
| ९. | गुण्डु सेवा केन्द्र व्यवस्थापन उपसमिति | ७ | |

**सम्पन्न कार्यक्रमहरु :**

१. संस्थाले १९ औं वार्षिक साधाण सभा भौतिक रुपमा विभिन्न ५ स्थानमा सदस्यहरुलाई सहभागी गराई सम्पन्न गरेको ।

२. संस्थाले संस्थाको वचत सेवा तथा ऋण सेवा र संस्थाको क्रियाकलापको बारेमा छलफल गर्न हिमाल एकेडेमी स्कूल, सू.न.पा. ७ र दधिकोट इङ्गलिस स्कूलमा सू.न.पा. १, र संस्थाको हलमा मिति २०७९।०३।२५ गते गरी ३ स्थानमा विस्तारित मञ्च कार्यक्रमको आयोजना गरेको ।

३. संस्थामा आवद्ध १८२ जेष्ठ सदस्यहरुलाई मिति २०७९ जेष्ठ ०७ गते ल.पु.जि.गोदवरी न.पा. स्थित मुक्तिनाथ मन्दिरको **तिर्थाटन कार्यक्रम** सम्पन्न गरेको ।

४. संचालक समिति, उप–समिति र कर्मचारीहरु **पूर्व नेतृत्व अभिमुखिकरण** तालिम मिति २०७९।२।२४ गते संचालन गरिएको।

५. संस्थाले सू.न.पा. ७ स्थित गुण्डु चोकमा संस्थाको सदस्य सेवा केन्द्र मिति २०७८।१२।०२ गते समुदघाटन गरेको।

६. संस्थाका नावालक सदस्यहरु विच निबन्ध लेखन प्रतियोगिता कार्यक्रम कार्तिक २७ गते संचालन गरेको।

७. संस्थाले सर्जकहरुबाट सहकारी गान लेखन कार्यक्रम गरी छनौट गरी रेकर्ड गरिएको।

८. संस्थाले प्रोवेशन कार्यक्रममा नियमित रुपमा रहेर संस्थालाई दिगो रुपमा संचालन गर्न ब्राण्डको लागि तत्पर रहिरहेको।

९. संस्थामा कार्यरत कर्मचारीहरुलाई विभिन्न प्रकृतिका क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको।

१०. संस्थाको कार्यक्षेत्रलाई समेटी मिति २०७८।१२।०४ गते बृहत स्वास्थ्य शिविर संचालन गरिएको।

११. गुण्डु सेवा केन्द्र अन्तरगत भैरवी आधारभूत विद्यालय गुण्डु र नवज्योती मा.वि. गुण्डु मा सहकारी शिक्षा शिविर कार्यक्रम सम्पन्न गरिएको।

१२. संस्थाका कार्यक्षेत्र भित्रका बिन्दवासिनी, अनन्तलिंगेश्वर र चरखण्डी मन्दिरमा विभिन्न मितिमा सरसफाई कार्यक्रम सम्पन्न गरिएको।

१३. गत आ.व.मा ९०० सदस्य बृद्धि गरी ४६५० पुऱ्याउने लक्ष्य रहेकोमा ५२७ जना सदस्य बृद्धि भई ४२७७ जना सदस्य पुऱ्याउन सफल भएको।

१४. संस्थाका नावालक सदस्यहरुलाई समेटी बाल क्लव गर्ने कार्यक्रम अनुसार ९४ जना नावालकहरु समेटी सू.न.पा. १ मा वाल क्लव गठन गरिएको।

१५. संस्थाले मातुलेश्वर मन्दिर परिसरमा चार थान फलामको बेन्च प्रदान गरेको।

१६. संस्थाका संचालकहरुको क्षमता विकासको लागि मिति २०७८।०८।१८ देखि २० गते सम्म नेपालको पूर्वी भागमा रहेका प्रोवेशन तथा ऐक्सेस ब्राण्ड संस्थाहरुमा अध्ययन अवलोकन भ्रमण गरिएको।

**आ.व.२०७९/०८० मा संम्पन्न गरिने कार्यक्रमहरु :**

संस्थाको आर्थिक वर्ष २०७९/८० को वार्षिक योजना तथा वजेट तयारी गर्ने क्रममा विभिन्न विस्तारित मञ्च, साधारण सभा, विभिन्न समिक्षा बैठकहरुवाट आएका विषय वस्तुहरुलाई समेत समेटेर कार्यक्रमहरु सम्पन्न गर्न वजेट तर्जुमा गरेको छ। जुन यहाँ सारांशमा प्रस्तुत गरिएको छ।

## १. संस्थागत विकास योजना अर्न्तगत :

**१.१. "मेरो संस्था, मेरो स्वामित्व"** भन्ने नारा लिई संस्थाले शेयर पूँजी वृद्धि गरि कुल कारोबारको १०% शेयर पुँजी पुऱ्याइने योजना अन्तरगत रु.८,५०,००,०००। पुऱ्याउने लक्ष्यमा परिमार्जित वजेटमा रु.६,००,००,०००। पुऱ्याउने लक्ष्य लिइएकोमा रु.**५,२४,२१,६००।** पुगेको छ र आ.व.२०७९।०८० मा रु.८००,००,०००। शेयर पुँजी पुऱ्याइने योजना लिइएको।

**१.२.** बचत वृद्धि योजना अर्न्तगत **"गुणस्तरिय जिवन र सुनिश्चित भविश्यको लागि बचत"** नारा सहित आ.व. २०७८।०७९ मा रु **६३,०८,००,०००** को लक्ष्य लिइएकोमा परिमाजित वजेटमा रु.**५७,००,००,०००** पुऱ्याउने लक्ष्य लिएकोमा रु.**५५,७३,५०,५५०** भएको र आ.व. २०७९।०८० मा रु.**६६,८०,००,०००** पुऱ्याउने लक्ष्य लिइएको ।

**१.३.** सदस्यहरुलाई ऋण लगानी वृद्धि योजना अन्तर्गत **"ऋण मार्फत उद्यमशिलता र उद्यमशिलता मार्फत आत्मनिर्भरता"** को नारा सहित रु. **६४,९९,५०,०००** को लक्ष्य लिइएकोमा परिमाजित वजेटमा रु.**६०,००,००,०००** पुऱ्याउने लक्ष्य लिइएकोमा रु.**५७,८६,६५,९८५** पुगेको छ र यस आ.व.मा रु.**७०,००,००,०००** को लक्ष्य लिइएको।

**१.४.** लगानीमा वृद्धि योजना अर्न्तगत **"अभियान प्रति ऐक्यबद्धता र सहकारी मार्फत गरिबी निवारण हाम्रो प्रतिबद्धता"** लाई आत्मसाथ गर्दै रु.५,००,००,००० को लक्ष्य लिइएकोमा परिमार्जित वजेटमा रु.**२,३१,५०,०००** पुऱ्याउने लक्ष्य लिएकोमा रु.**२,२२,२८,७०१** रहेकोछ र जसलाई पर्ल्स मापदण्ड बमोजिम आ.व.मा रु **२,१५,००,०००** मा सिमित रहने योजना रहेको।

**१.५.** कोष वृद्धि योजना अन्तर्गत **"दिगो साकोसका लागि अधिकतम संस्थागत पूँजि"** लाई आत्मसाथ गरि रु.**७,५५,५८,०००** को लक्ष्य लिइएकोमा रु**.७,६८,६३,७२८** रहेको छ र यस आ.व.मा रु. **१०,५०,००,०००** को लक्ष्य लिइएको।

**१.६.** बाह्य ऋण योजना अर्न्तगत **"आवश्कताको आधारमा ऋण सेवा संकटको बेला संजालको भरोसा"** भन्ने कुरालाई मध्यनजर गरि संस्थाको तरलता व्यवस्थापन गर्न रु.१,५०,००,०००.को बाह्य ऋणको लक्ष्य लिइएकोमा रु **१,४०,००,०००** लिइएको र यस आ.व.मा रु **३,००,००,०००** को लक्ष्य लिइएको।

## २. संचालन क्षमता विकास योजना अर्न्तगत :

२.१. **"नविनतम् प्रविधि विकास योजना अर्न्तगत नविनतम प्रविधि मार्फत सदस्यको हात मै टेवा र घर घर बाटै वित्तिय सेवा"** लाई आत्मसाथ गरि संस्थाको सेवा संचालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउन क्यू आर कोड सेवा, फेसबुक साथै संस्थाको लोगो अंकित मोबाइल एप्स र एस.एम.एस सेवा संचालनमा ल्याइएको र माथिका प्रविधिहरुलाई निरन्तरता दिदै यूट्युब, आधुनिक सफ्टवयेर लगायत अन्य थप सेवाहरु संचालनमा ल्याइनेछ ।

२.२. संस्थागत संचालन क्षमता विकासका लागि सहकारी एकिकरण कार्यक्रम योजना अर्न्तगत संस्थाले एकिकरण प्रकृया अगाडी बढाउन यस सम्मानित सभाबाट संचालक समितिलाई अख्तियारीको प्रस्ताव पास गरिदिनु हुन अनुरोध गर्दछु । आगामी वर्ष अन्य संस्थासँग एकिरणको कार्यलाई प्रथमिक्तामा राखिने छ ।

२.३. सदस्यहरुको लागि स्रोत केन्द्र स्थापना योजना लिई संस्थामा पुस्तकालय निर्माण गरिएको र उक्त व्यवस्थालाई थप व्यवस्थित गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

२.४. संस्थागत संचालन क्षमता विकासका लागि संस्थाले सेवा केन्द्र मार्फत अगाडी बढ्ने लक्ष्य लिएको हुँदा यस आ.व.मा साधारण सभामा प्रस्ताव पेस गरी नियमनकारी निकाय सँग स्वीकृति लिई एउटा सेवा केन्द्र संचालन गरिएको र आगामी वर्ष सू.न.पा. ८ मा एउटा सेवा केन्द्र थप गर्ने योजना रहेकोछ ।

### ३. सदस्य सेवा सम्बन्धि कार्यक्रम :

**३.१. युवा सदस्यहरुको लागि वित्तिय शिक्षा कार्यक्रम :**

युवा सदस्यहरुले आफ्नो रुची, व्यक्तिगत गुण र सीप बीचको तादम्यतामा सुझबुझ विकासका लागि वित्तिय शिक्षा आजको अपरीहार्य शर्त भएका कारण युवाहरुको लागि कार्यक्षेत्रका ६ स्थानमा र नावालक सदस्यहरुको लागि समेत ४ स्थानमा वित्तिय शिक्षा कार्यक्रमहरु संचालन गरिनेछ ।

**३.२. युवा सदस्यहरुको लागि उद्यमशिलता विकास तालिम :**

**"सहकारी मार्फत उद्यमशिलता विकास सम्भव छ"** भनि प्रमाणित गर्नु आजको सहकारी संस्थाहरुको चुनौतीको विषय हो । सदस्यहरुको व्यवसायिक क्षमता विकास गरी आत्मनिर्भरता तर्फ लैजानु संस्थाको दायित्व हो र यो दायित्व पूरा गर्नका लागि संस्थाले यस आ.व.मा सदस्यको माग अनुसार उद्यमशिलता विकास तालिमहरु संचालन गरिनेछ ।

**३.३. युवा सदस्यहरुलाई लक्षित कार्यक्रम :** युवा सदस्यहरुलाई समेटी विभिन्न प्रकारका खेलकुद क्रियाकलापहरु संचालन गर्न सकिने र उमेरका आधारमा नावालक सदस्यहरुमा पनि बाल क्लव मार्फत खेलकुदका क्रियाकलापहरु संचालन गरिनेछ ।

**३.४. उत्पादन बजारीकरणमा सहयोग कार्यक्रम :**

संस्थाका सदस्यहरुले गरेको उत्पादनहरुलाई बजारीकरणका लागि आवश्यक समन्वय र बजार व्यवस्थापनका लागि संस्थाले यस आ.व.मा बजार व्यवस्थापन उप समिति गठन गरीएकोमा गत

आ.व.मा रासायनिक मलको व्यवस्थापन कार्य मात्र भएको भएता पनि संस्थाको तर्फबाट स्थानिय सरकार, प्रदेश सरकार वा संघिय सरकारसँग समन्वय र पुलको काम गर्दै सदस्यहरुको कृषि उत्पादन तथा साना उद्योगबाट उत्पादित वस्तुहरुको बजारीकरणमा सहयोग गर्ने लक्ष्य लिइएकोछ ।

**३.५. सदस्य सुरक्षा कार्यक्रम :**
संस्थासंग कारोबार गर्ने सदस्यहरुको सुख दुःखको साथीको रुपमा संस्थालाई स्थापित गराउनका लागि संस्थाबाट सदस्य दुर्घटना विमा , सदस्य राहत वितरण गरिएको कार्यक्रमलाई निरन्तरता दिइनेछ र ऋण विमा, सदस्य स्वास्थ्य विमा संचालन गरिनेछ ।

**३.६. सदस्य शिक्षा शिविर कार्यक्रम :** संस्थामा कारोवार गर्ने सदस्यहरुलाई संस्था, सहकारी सञ्जाल र संस्थाको वस्तु तथा सेवाहरुको विषयमा गरायने उद्देश्यले सहकारी शिक्षा शिविर संचालन गरिनेछ ।

## ४. सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यकम :

४.१. समुदाय प्रति सहकारीको चासोलाई मध्यनजर गर्दै संस्थाको आयोजनामा रक्तदान कार्यकम, स्वास्थ्य शिविर, कोभिड–१९ सचेतना कार्यकम संचालन गर्ने लक्ष्य लिइएको अधिकांश कार्यक्रमहरु संचालन गरिएको । आ.व. २०७९/०८० मा यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.२. मठ मन्दिर सरसफाई कार्यकम अन्तर्गत संस्कृति संरक्षणमा सहकारीको भूमिका र उपस्थितिलाई संस्थाले आत्मसाथ गरि मठ मन्दिर सरसफाई अन्तर्गत विन्ध्यवासिनी मन्दिर, विरुवा वसपार्क, अनन्तलिङ्गेश्वर, मातुलेश्वर, शोमलिङ्गेश्वर, चरखण्डेश्वर लगायत अन्य मठ मन्दिर र सार्वजनिक ठाउँको सरसफाई गर्ने लक्ष्य लिइएकोछ ।

४.३. संस्थामा आवद्ध जेष्ठ सदस्यहरुलाई सम्मान स्वरुप विभिन्न मठ मन्दिरको तिर्थाटन गराउने कार्यक्रमलाई निरन्तरता दिइने योजना रहेकोछ ।

४.४. महामारीको विषम परिस्थितिमा पनि संस्थालाई सुशासनमा राख्न संस्थाले “महामारीमा साधारण सभा संचालन कार्यविधि २०७७” तयार गरी सो कार्यविधि अनुसार १९औं वार्षिक साधारण सभा संचालन गरिएको र आगामी दिनमा पनि यहि अवस्था रहिरहेमा उक्त कार्यविधि अनुसार साधारण सभा संचालन गरिनेछ ।

## ५. क्षमता अभिबृद्धि कार्यक्रम :

**५.१.** संस्थालाई सुशासन तथा दिगो रुपमासंचालन गर्न र संस्थागत क्षमता विकासको लागि संचालक तथा कर्मचारीहरुलाई विभिन्न प्रकारका तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

**५.२.** कर्मचारीहरुलाई वित्तिय व्यवस्थापन, लेखा व्यवस्थापन, ऋण व्यवस्थापन र आवश्यकता अनुसार सेवा कालिन तालिम लगायत अन्य तालिमहरु संचालन गरिनेछ ।

**५.३.** संस्थाको कार्यक्षेत्र भित्र सदस्यहरुलाई विस्तारित मञ्च कार्यक्रम मार्फत आ.व. २०७९/०८० मा पनि ४-५ स्थानमा कार्यक्रम संचालन गरी सदस्यहरुलाई संस्थाको बारेमा जानकारी गराइनेछ ।

**५४.** संस्थामा आवद्ध नाबालक सदस्य प्रोत्साहन गर्न आ.व. २०७९/०८० मा संस्थामा कार्यक्षेत्रका सू.न.पा. ४, दधिकोट, सू.न.पा. ४, तर्खगाल, सू.न.पा. ४, खड्कागाँऊ र सू.न.पा. ७ गुण्डुमा बालक्लव गठन गर्ने योजना रहेको छ । उक्त वाल क्लव गठन गरी नावालक सदस्यहरुको बृद्धि विकास हुने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

**५.५.** संस्थामा आवद्ध लघुवित्त समूहलाई विभिन्न शिपमूलक तथा समूह संचालन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

## ६. संस्थागत सुशासन :

सहकारी सिद्धान्त, ऐन, नियमावली, सहकारी मापदण्ड, नियमनकारी निकायहरुको निर्देशन, एवं वेलावेलामा जारी हुने परिपत्र आदिको पूर्ण पालना गरिएकोछ । संस्थाको आन्तरिक हिसाव जाँच लेखापरीक्षकबाट दिइएका सुझाव कार्यान्वयन गरिएको छ । संस्थाको वित्तिय अनुशासन र सम्भाव्य ऋण जोखिमको व्यवस्था गरिएकोछ । यसैगरी महामारीको विषम परिस्थितिमापनि संस्थालाई सुशासनमा राखिरहन संस्थाले "महामारीमा साधारण सभा संचालन कार्यविधि २०७७" तयार गरी सो कार्यविधि अनुसार १९औं वार्षिक साधारणसभा संचालन गरिएको र सहकारी विभागको मिति २०७९।०२।१२ गतेको ३५ बुँदे मार्गनिर्देशन पुर्ण पालना गरिएको छ ।

**संस्थाका चुनौतिहरु :**
**आन्तरिक चुनौतिहरु** :

- ऋणी सदस्यहरुबाट ऋणको किस्ता तथा व्याज भुक्तानीमा विलम्ब हुनु ।
- आयमूलक तथा सिपमूलक तालिम प्रदान गरी सदस्यहरुलाई व्यवसायिक बनाउन नसक्नु ।
- कार्यक्षेत्र भित्र दोहोरो सदस्यताको कारणले सदस्यता बृद्धि गर्न नसक्नु ।
- सहकारीले संचालन गर्ने गतिविधिहरुमा अपेक्षाकृत रुपमा सदस्यहरुलाई सहभागी गराउन नसक्नु ।
- संस्थाले गैरकोषमा आधारित अन्य आम्दानी बृद्धिका श्रोतहरु पहिचान गर्न नसक्नु ।

**बाह्य चुनौतिहरु :**

- बैक तथा अन्य वित्तिय संस्थाहरु संगको प्रतिस्पर्धा बढ्नु ।
- सहकारी संस्थाहरु विच अस्वस्थ प्रतिस्पर्धा बढ्नु ।
- सेवा केन्द्र विस्तार गर्न नसक्नु ।
- कार्यक्षेत्र भित्र औद्योगिक वातावरण नहुनु ।
- दोहोरो सदस्यतामा जटिलता रहनु ।

***सदस्य महानुभावहरू,***

अब म संस्थाको २०औं वार्षिक साधारण सभाबाट विनियम पुनर्लेखन गर्न दिएको अनुमति बमोजिम संस्थाले संघिय सहकारी ऐन २०७४, संघिय सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६,

स्थानिय सहकारी ऐन २०७४ र नियमावली २०७८ बमोजिम तयार पारिएको चमेली कल्याणकारी वचत तथा ऋण सहकारी संस्थाको विनियम-२०७९, पारित गरिदिनु हुन अनुरोध गर्दछु । साथै संस्थालाई पूर्ण तथा व्यवसायिक साकोस निर्माण अन्तरर्गत प्रोवेशन मागनिर्देशन २०७८ बमोजिम संस्थामा भएका नीतिहरुलाई आन्तरिक कार्यविधि, निर्देशिका र व्यवस्थापन कार्यविधिहरु तयार गर्न निर्देशन गरेकोले सोही बमोजिम आन्तरिक कार्यविधि, निर्देशिका तथा व्यवस्थापन कार्यविधिहरु पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

**क.संस्थाको पुनर्लिखीत विनियम सम्बन्धमा,**

चमेली कल्णाणकारी वचत तथा ऋण सहकारी संस्थाको विनियम २०५९, सहकारी ऐन २०४८ बमोजिम संचालनमा रहेकोले उक्त विनियम धेरै विषयहरु नसमेटिएको लेखिएका बुँदाहरु अस्पष्ट भएकोले संघीय सहकारी ऐन २०७४, संघीय सहकारी नियमावली २०७५, सूर्यविनायक नगरपालिकको सहकारी ऐन २०७४ र सूर्यविनायक नगरपालिकको सहकारी नियमावली २०७८ बमोजिम संस्थाले पुनर्लेखन गरिएका ११४ नियम र ५ वटा अनुसूची भएको विनियम यस साधारणसभासमक्ष पारितको लागि पेश गर्दछु ।

**ख. आन्तरिक कार्यविधि तथा निर्देशिका संशोधन सम्बन्धमा ,**

“संस्थाको विनियम” मा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुकुल हुनेगरी संशोधन गर्नुपर्ने भएकोले संचालक समितिको मिति २०७८।१२।१० गतेको निर्णयानुसार गठित संस्थागत नीति, आन्तरिक कार्यविधि, निर्देशिका तथा व्यवस्थापन कार्यविधि अध्यावधिक तथा पुनरलेखन मस्यौदा कार्यदलबाट प्रस्तावित मस्यौदा तयार गरी संचालक समितिमा पेश गरेकोले उक्त आन्तरिक निम्नलिखित कार्यविधिहरु पारितको लागि पेश गर्दछु ।

१. संगठन तथा सामान्य आन्तरिक कार्यविधि, २०७९.
२. वचत सम्बन्धी आन्तरिक कार्यविधि, २०७९.
३. ऋण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९.
४. सुशासन सम्बन्धी आन्तरिक कार्यविधि २०७९.
५.आर्थिक प्रसाशन आन्तरिक कार्यविधि २०७९,
६. मानव संशाधन व्यवस्थापन आन्तरिक कार्यविधि २०७९,
७. सदस्य आवद्धता तथा हेरचाह आन्तरिक कार्यविधि २०७९,
८ शेयर सम्बन्धी आन्तरिक कार्यविधि, २०७९.
९. सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन आन्तरिक कार्यविधि, २०७९.
१०. लेखा तथा अभिलेख व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९.
११. बाह्य ऋण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९.
१२. उपसमिति गठन तथा परिचालन आन्तरिक कार्यविधि २०७९.
१३.. पुराना कागजपत्र धुल्याइने आन्तरिक कार्यविधि, २०७९.
१४. नगद तथा सानो नगदी कोष परिचालन व्यवस्थापन कार्यविधि २०७९.
१५. सम्पत्ति तथा दायित्व एवं स्थिर सम्पत्ति (आर्जन) व्यवस्थापन आन्तरिक कार्यविधि २०७९.
१६. विपद जोखिम न्यूनिकरण निर्देशिका २०७९,
१७. निर्वाचन निर्देशिका २०७९,
१८. कोष व्यवस्थापन आन्तरिक कार्यविधि २०७९.
१९. लघुवित्त समूह व्यवस्थापन आन्तरिक कार्यविधि २०७९.
२०. सदस्य सुरक्षा तथा राहत आन्तरिक कार्यविधि, २०७९.

**अन्त्यमा,**

यस अवधिमा दिवंगत हुनु हुने शेयर सदस्य तथा सदस्यका परिवारजनहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै  शोकसन्तप्त परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्न चाहन्छु । साथै संस्थालाई यस विषम परिस्थितिमा समेत समय दिएर अगाडी बढाउन सहयोग गर्नुहुने संचालक समिति, लेखा सुपरिवेक्षण समिति, पूर्वअध्यक्ष तथा सल्लाहकार ज्यूहरु, विभिन्न उपसमितिहरु, कर्मचारीहरु तथा सम्पूर्ण शेयर सदस्यहरुलाई धन्यवाद दिदै आउदै गरेको वडा दशै, शुभ दिपावली, नेपाल सम्वत् ११४३ र छठ पर्वको उपलक्ष्यमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको कामना गर्दै यस प्रतिवेदन पारित गरिदिनु हुन अनुरोध गर्दै यहाँहरुमाझ विदाहुन चाहन्छु ।

धन्यवाद ।

**जय चमेली,       जय सहकारी ।**

# हार्दिक श्रद्धाञ्जली

**न जायते मृयते वा कदाचन, नाऽयं भूत्वा भविता न भूयः**
**अजो नित्यं साश्वतोयं पूराणे नहन्यते हन्यमाने शरीरे ।**



**यस संस्थाका आदरणीय पूर्व अध्यक्ष एवं शेयर सदस्य ८४ को श्री बच्चे बहादुर गिरी को मितिः २०७८/०४/२३ मा असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरूप्रति ईश्वरले धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी हार्दिक श्रद्धाभाव व्यक्त गर्न चाहन्छौं ।**

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
स.न.पा. १विरुवा

# कोषाध्यक्षद्धारा प्रस्तुत आर्थिक प्रतिवेदन



**शालिकराम घिमिरे**
**कोषाध्यक्ष**

यस संस्थाको गरिमामय २० औं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथीज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्युहरु यस संस्थाका सल्लाहकारज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू,लेखा सुपरिवेक्षण समितिकापदाधिकारीज्युहरु, विभिन्न उप-समितिका सदस्यज्यूहरू, शेयर सदस्यज्यूहरू, सुरक्षाकर्मी तथा पत्रकार मित्रहरूमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**
सर्वप्रथम म आजको यस सम्मानित सभा समक्ष आ.व. २०७८।०७९ को आर्थिक प्रतिवेदन र २०७९।०८० को अनुमानित वार्षिक बजेट पेश गर्ने अनुमति चाहन्छु ।

**आ.ब. ०७८।०७९को समिक्षा**
सहकारीलाई राष्ट्र विकासको मूल आधारको रुपमा स्वीकार गरी नेपालको संबिधान २०७२ मा आर्थिक विकासको अभिन्न अंगको रुपमा उल्लेख गरेको सन्दर्भमा सम्पूर्ण सहकारी संस्थाहरू र सहकारीकर्मीहरू उत्तरदायी भई सहकारी क्षेत्रलाई अझ बढी वैज्ञानिक, व्यवस्थित ,प्रविधीमैत्री तथा सुशासनयुक्त ढंगले संचालन गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा हाम्रो संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड २०६८, विभिन्न नियमनकारी निकायहरूको निर्देशन तथा संस्थाको विनियम तथा आन्तरिक नीति, कार्यविधीहरुको परिपालना गरी पारदर्शी ढंगले शेयर सदस्यहरूमा मात्र वित्तीय कारोवार गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**सदस्य महानुभावहरू,**
अब म यहाँहरू समक्ष गत आ. व. २०७७/०७८ र चालु आ. व. २०७८/०७९ को तुलनात्मक आर्थिक विवरणहरू पेश गर्न चाहन्छु ।

## १. शेयर पूँजी (Share Capital)

आदरणीय सदस्य महानुभावहरू,
गत आ. व. को शेयर पूँजी रकम रु. ४,५०,००,६००।- रहेकोमा चालु आ. व. मा रु.७४२१०००।-ले वृद्धि भई रु. ५,२४,२१,६००।- रहेको अवगत गराउन चाहन्छु । बचतको आधारमा शेयर पूँजी वृद्धि गर्दै जानुपर्ने अबस्थालाई ध्यानमा राखी आगामी आ. व. २०७९/०८० मा बचतको अनुपातमा शेयर बृद्धि गर्दै लगिने नीतिलाई निरन्तरता दिईनेछ ।

| सि.न | विवरण | गत वर्षको | यस वर्षको | प्रगती रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | ४,५०,००,६००।- | ५,२४,२१,६००।- | ७४२१०००।- | १६.४९ |

## २. जगेडा कोष र अन्य कोषहरू (Reserve Fund and Other Funds)

संस्था प्रत्येक वर्ष मूनाफा आर्जन गर्न सफल हुँदै आइरहेकोमा आ. व. २०७८/०७९ मा रु. २,४७,५९,८३७।- मूनाफा आर्जन गर्न सफल भएको अवगत गराउँदछु । उक्त मूनाफा रकमबाट कर व्यवस्था पश्चात जगेडाकोषमा रु ५८,८४,६५४।- र अन्य कोषबाट सारिएको रकम रु.६९,२२,१३९।- समेत जम्मा रु.१,२८,०६,७९३।- थप गरी जम्मा रु ५,७३,००,३७०।- रहेको छ । संरक्षित पूँजी फिर्ताकोषमा रु.४४,१३,४९०।- सहकारी प्रवर्द्धन कोषमा रु ८८,२७०। लेखांकन गरी विनियमको व्यवस्था अनुसार रु.१,३१,५२,२०१।- विभिन्न कोषहरूमा बाँडफाड पश्चात कूल कोष रु.१०,१८,७३,४५८।- संचित भएकोले संस्था आर्थिकरुपले मजबुत भएको अवगत गराउन चाहन्छु । यस वर्ष ऋण सेवा शुल्कबाट प्राप्त भएको रकम रु ४७,२६,१६७। मा आयकर व्यवस्था गरी रु ४४,८९,८५९। जगेडा कोषमा लेखांकन गरिएकोले उक्त रकम अनुमोदनको लागि प्रस्ताव पेश गर्दछु । साथै संस्थाले समय समयमा संचालन गर्ने तालिम, अध्ययन अवलोकन भ्रमण तथा अन्य गतिविधीहरूमा विनियम अनुसारका कोषको उपयोग गर्ने र उपयोग हुन नसकेको कोष रकमलाई जगेडा कोषमा लेखांकन गरिने नीति अवलम्बन गरिनेछ ।

## ३. बाह्य ऋण (External Loan)

राष्ट्रिय रुपमा रहेको आर्थिक मन्दिका कारण संस्थालाई तरलता व्यवस्थापनमा थप रकम आवश्यक परी वाह्य ऋण लिई परिपूर्ति गर्नुपर्ने अवस्था श्रृजना भएकोले यस आ.व.मा तरलताको कमीका कारण वाह्य ऋण रु १४०,००,०००।- (अक्षरेपी एक करोड चालिस लाख) लिएको छ भने आगामी आ.व. २०७९/०८० मा संस्थालाई आवश्यक परेको खण्डमा रु. ३,००,००,०००।- (तीन करोड) सम्म बाह्य ऋण लिन सकिने व्यवस्था स्वीकृतिका लागि पेश गर्दछु ।

## ४.बचत (Savings)

संस्थाद्वारा लागू गरिएका बचत योजनाहरूबाट गत आ. व. मा संकलित बचत रकम रु.५१,४९,९९,६३७।- रहेकोमा आ. व. २०७८।०७९ मा रु. ४,२३,५०,९१३।- ले बृद्धि भई रु. ५५,७३,५०,५५०।- रहेको अवगत गराउँदछु । संस्थामा नियमित बचत, नावालक बचत, साधारण बचत, चमेली विशेष बचत, संचयकोष बचत, खुत्रुके बचत, लघुवित्त समूह बचत, जेष्ठ सदस्य बचत, पेन्सन बचत, सदस्य कल्याण बचत, चमेली सुनौलो भविष्य बचत, तीज विशेष वचत, विल भुक्तानी वचत, शैक्षिक वचत र पेवा वचत शिर्षकका वचत योजनाहरू संचालनमा रहेको व्यहोरा यस सम्मानित सभामा अवगत गराउँन चाहन्छु ।

| सि.न | विवरण | गत वर्षको | यस वर्षको | प्रगती रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वचत/निक्षेप | ५१,४९,९९,६३७।- | ५५,७३,५०,५५०।- | ४,२३,५०,९१३।- | ८.२२ |

## ५. ऋण लगानी: (Loan Investment)

ऋण लगानी नै संस्थाको मेरुदण्डको रुपमा रहने भएकोले संकलित निक्षेप रकम र संस्थाको पूँजीकोषको रकमलाई विभिन्न शिर्षकमा सदस्यहरूको माग बमोजिम सुरक्षित रुपमा लगानी गर्ने कार्य भएको छ । साथै धितो जमानीको आधारमा लगानी हुने ऋणमा सदस्यको व्यवसायिक कार्ययोजना, तिर्न सक्ने सामर्थ्य, चरित्र आदिको विश्लेषण गरी धितो दृष्टिबन्धक पास गरी लगानीलाई सुरक्षित गरिएकोछ ।

संस्थाबाट लगानी भएका ऋणको किस्ता र मासिक व्याज असुली नीतिलाई अनिवार्य गरिएको छ । तोकिएको अवधि भित्र साँवा व्याज सहित किस्ता बुझाउने ऋणी सदस्यलाई ७%, ऋणको मासिक व्याज मात्र बुझाउने ऋणी सदस्यलाई ५% र ऋणको साँवा व्याज सहित मासिक किस्ता बुझाउने सदस्यलाई १० प्रतिशत व्याजमा छुट दिने सुविधालाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।

| सि.न. | विवरण | गत वर्षको | यस वर्षको | प्रगती रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ऋण लगानी | ४८,३०,१६,२९९।- | ५७,८६,६५,९८५।- | ९,५६,४९,६८६।- | १९.८० |

चालु आ.व.मा सदस्यहरुले नियमित किस्ता समयमा नबुझाएका कारण १ वर्ष अवधि नाघेको ऋण रु.११८२१७६।- र १ वर्ष भन्दा कम अवधि भाखा नाघेको ऋण रु. १६२०६०९२।- र असल ऋण रु.५५०५३८१२८।- गरी कूल ऋण रु. ५७,८६,६५,९८५।- लगानी रहेकोमा भाखा नाघेको ऋण रकमको PEARLS मापदण्ड बमोजिम ऋण सुरक्षण कोषको व्यवस्था गरिएको छ ।

## ६. शेयर तथा अन्य लगानी विवरण

| सि.न | विवरण | यर लगानी | नियमित | आवधिक | कुल लगानी |
|---|---|---|---|---|---|
| १ | जिल्ला बचत संघ | ३२८००० | ५३०७४६.८१ | ० | ८५८७४७ |
| २ | जिल्ला सहकारी संघ | १०००० | ३०७०५७.७३ | ० | ३१७०५८ |
| ३ | नेफस्कुन | ६०२५०० | ११९१२८.८३ | ० | ७२१६२९ |
| ४ | राष्ट्रिय सहकारी बैंक | २००००० | १०६२६७.२७ | १०००००००० | १०३०६२६७ |
| ५ | हव सहकारी सेवा | २५००० | ० | | २५००० |
| ६. | सनराइज बैंक | ० | ० | १०००००००० | १०००००००० |
| | **जम्मा** | **११,६५,५००** | ६,३६,३९४ | २०००००००० | **२,२२,२८,७०१** |

## ७. तरलता(Liquidity):

पर्ल्स मापदण्ड अनुसार सहकारी संस्थाले कूल निक्षेपको १०-२०% तरलता कायम राख्नुपर्ने व्यवस्था भए बमोजिम आ.ब. २०७८/०७९ मा रु. ११४७१६७२४।- रहेको छ जुन रकम कूल निक्षेपको २०.५८% भएको स्पष्ट गराउन चाहन्छु । संस्थाले तरलता व्यवस्थापनको लागि बढी व्याज प्रदान गर्ने संघ, सहकारी बैंक, वाणिज्य वैंक तथा वित्तीय संस्थाहरूमा बचत तथा मुद्दती खाताहरूमा लगानी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**सदस्य महानुभावहरू,**

अव म यहाँहरू समक्ष संस्थाको २०७८/०७९ कोअनुमानित र यथार्थ तथा आ.ब. २०७८/०७९ को अनुमानित वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि.नं | विवरण | आ.व.२०७८/७९को अनुमानित | आ.व. २०७८/०७९ को परिमार्जित | आ.व. २०७८/०७९ को यर्थाथ | आ.व. २०७९/०८० को अनुमानित |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | ८५,०००,००० | **६००००००० | ५,२४,२१,६००.०० | ८००००००००** |
| २ | जम्मा कोष | १०५०००००० | **१०५०००००० | १०,१८,७३,४५८.०० | १०५००००००** |
| | जगेडा कोष | ५०५५०००० | | ५,७३,००,३७०.०० | ६४३००००० |
| | अन्य कोष | २८४५०००० | | १,८५,९९,५९४.०० | १२३१६००० |
| | ऋण सुरक्षण कोष | २३०००००० | | २,३०,००,०००.०० | २५०००००० |
| | उपदान कोष | ३०००००० | | २९,७३,४९४.०० | ३३८४००० |
| ३ | जम्मा बचत/निक्षेप | ६३०८००००० | **५७०००००००** | **५५,७३,५०,५५०.००** | **६६८००००००** |
| | नियमित बचत | १५५८००००० | | १२,८८,६१,६९२.४२ | १६५२००००० |
| | नावालक बचत | ४५०००००० | | ३,८१,६८,६६६.१० | ५०००००००० |
| | साधारण बचत | ८००००००० | | ६,१४,९१,३७०.९५ | ८००००००० |
| | आवधिक बचत | १६०००००००० | | २०,४७,००,५४८.२० | २०००००००० |
| | संचयकोष बचत | ३६००००० | | ३८,२२,६५४.२५ | ४६००००० |
| | चमेली विशेष बचत | ४०००००००० | | १,५७,५६,३४२.४९ | २५०००००० |
| | खुत्रुके बचत | ९०००००० | | ७५,९८,२७०.७८ | ८०००००० |
| | लघुबित्त | २०००००००० | | १,६६,९५,०४०.४७ | २०००००००० |
| | दैनिक बचत | ६०००००० | | ६५,६९,४९१.८६ | १०००००००० |
| | पेन्सन बचत | २२५००००० | | २,२६,३७,३०८.८२ | २६५००००० |
| | जेष्ठ सदस्य बचत | ५२०००००० | | १,९५,०६,५७८.२७ | ३०००००००० |
| | सदस्य कल्याण बचत | २४००००० | | २४,९५,२४७.९२ | ३०००००० |
| | आवधिक व्याज खाता | ६०००००० | | ६३,४७,१३५.६२ | ८०००००० |
| | चमेली सुनौलो भविष्य वचत | १३५००००० | | १,२४,०४,७४६.८६ | २०००००००० |
| | तिज विशेष | ३००००० | | १,९६,५५१.१५ | ३००००० |
| | विल भुक्तानी | २००००० | | १,३३,९५२.०० | २००००० |
| | पेवा | ४०००००० | | ५,५५,५७६.६९ | १०००००० |
| | कोपिला | ३०००००० | | २७,९५,६२५.०४ | ६०००००० |
| | शैक्षिक वचत | ५००००० | | ९९,९७०.६४ | २००००० |
| | शेयर लाभाशं वचत | ७०००००० | | ६५,१३,७७९.२८ | १०००००००० |
| ४ | बाह्य ऋण | १५०००००० | **१५०००००० | १,४०,००,०००.०० | ३००००००००** |
| ५ | कर तथा अन्य दायित्व | ७०००००० | **७००००००** | **४०,७०,७६६.६२** | **७००००००** |
| | कुल जम्मा | **८४२८००००० | ७५७०००००० | ७२,९७,१६,३७४.०० | ८९००००००००** |

| **उपयोग तर्फः** | | | | | |
|---|---|---|---|---|---|
| सि. नं | विवरण | आ.व.२०७८/७९को अनुमानित | आ.व. २०७८/०७९ को परिमार्जित | आ.व. २०७८/०७९ को यर्थाथ | आ.व. २०७९/०८० को अनुमानित |
| १ | तरलता | १२६०००००० | ११७०००००० | **११,४७,१६,७२४.४३** | **१५००००००० ** |
| २ | ऋण लगानी | **६४९९५००००** | ६०००००००० | **५७,८६,६५,९८५.००** | **७००००००००** |
| ३ | अन्य लगानी | ५००००००० | **२३१५००००** | २,२२,२८,७००.६४ | २१५००००० |
| ४ | सम्पत्ति सामान | ८४१४७२ | १०८५०००० | **८९२३९८.६४** | ८४५८००० |
| ५ | जग्गा | २३५०००० | २३५०००० | **२३,५०,०००.००** | २३५०००० |
| ६ | भवन | ७६५८५२८ | | **७२,७५,६०१.७९** | ६९२००० |
| ७ | धरौटी, अन्य हिसाव | ६०००००० | ६०००००० | **३५,८६,९६४.००** | ७०००००० |
| | जम्मा | **८४२८०००००** | **७५७००००००** | **७२,९७,१६,३७४.००** | **८९,००,००,०००** |

| **आम्दानी तर्फः** | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | आ.व.२०७८/०७९को अनुमानित | आ.व. २०७८/०७९ को परिमार्जित | आ.व. २०७८/०७९ को यर्थाथ | आ.व. २०७९/०८० को अनुमानित |
| १ | ऋणबाट व्याज | ७०००००० | ६५०००००० | ७,०७,१०,३९०.८५ | ८९५००००० |
| २ | बैंकबाट प्राप्त व्याज | ९००००० | ७०००००० | ७०,१२,३७०.१७ | ९०००००० |
| ३ | विविध आम्दानी | ६०००००० | ५२००००० | १०,९७,८७०.२१ | ६२००००० |
| ४ | कर्जा सुरक्षण आम्दानी | ० | ० | ४३,८७,७६३.५४ | १३०००००० |
| | जम्मा आम्दानी | **८,५०,००,०००** | **७,७२,००,०००** | **८,३५,६४,७९५** | **१,१७,७००,०००** |

| **खर्च तर्फः** | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | आ.व.२०७८/७९को अनुमानित | आ.व. २०७८/०७९ को परिमार्जित | आ.व. २०७८/०७९ को यर्थाथ | आ.व. २०७९/०८० को अनुमानित |
| १ | व्याज खर्च | **३,८८,७५,०००** | **३,७८,००,०००** | **३,८२,३३,३७७.७३** | **५,४४,००,०००** |
| | बचतमा व्याज खर्च | ३७०००००० | | ३,७९,४७,०७६.३६ | |
| | वाह्य ऋण व्याज खर्च | ३७५००० | | २,८६,३०१.३७ | |
| | व्याज छुट खर्च | १५००००० | | ० | |
| २ | कर्मचारी खर्च | ६०,००,००० | **५८,००,०००** | **५८,५१,५२०.९०** | **७३,००,०००** |
| | कर्मचारी वोनस खर्च | ० | ० | **९,२३,१३३.००** | **१५,००,०००** |
| **३** | **बैठक संचालन खर्च** | **६,००,०००** | **६,००,०००** | **५,४५,०५०.००** | **७,५०,०००** |
| ४ | **सहकारी कार्यक्रम खर्च** | **४६,४०,०००** | **२५०००००** | **१८,६३,७०८.००** | **५३,५०,०००.००** |
| | साधारण सभा | २३००००० | | १,२८६,२८५ | २,८५०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रवेशन सहजीकरण शुल्क | ० | ० | ६७,५०० | ७५,००० |
| | छात्रवृत्ति | ३०००० | | - | ३०,००० |
| | सदस्य नविकरण | ११०००० | | ६५,९२१ | १२०,००० |
| | सामाजिक क्रियाकलाप | २००००० | | ६३,००५ | १५०,००० |
| | सहकारी गतिबीधि | २०००००० | | ३८०,९९७ | २,१२५,००० |
| ५ | **कार्यालय संचालन खर्च** | **२३,४२,०००** | **२३,४२,०००** | **१८,५१,४०२** | **२५,७०,२००.००** |
| | मसलन्द खर्च | ३५०००० | | ३,४९,१६७ | ४००,००० |
| | टेलिफोन, बिद्युत, नेट,पानी | १५०००० | | १,१४,७८९ | १६०,००० |
| | परिवहन तथा इन्धन | २०७००० | | ९५,७७१ | २००,००० |
| | धितो निरिक्षण अनुगमन | ५०००० | | - | ५०,००० |
| | मर्मत सम्भार | १२५००० | | ६९,५१४ | १५०,००० |
| | अतिथी सत्कार | १५०००० | | ८०,१२२ | १५०,००० |
| | विमा खर्च | २५०००० | | २,११,६०५ | २५०,००० |
| | पुस्तक तथा पत्रपत्रिका | ३०००० | | २८,४३० | ३०,००० |
| | ह्रास खर्च | ६००००० | | ६,१३,१०८ | ६५०,००० |
| | लेखापरिक्षण | १००००० | | ९९,५०० | ११०,००० |
| | विविध खर्च | ३०००० | | १५,३७३ | ३०,००० |
| | शुल्क तथा अन्य खर्च | १००००० | | ६८,०६५ | २००,००० |
| | चेक किलरिङ्ग चार्ज | ० | | ८९५ | १००० |
| | एस.एम.एस सेवा | ० | | ७,२१० | १०,००० |
| | कानुनी परामर्श खर्च | ० | | १२,००० | १२,००० |
| | मोवाइल बैकिङ्ग | | | १,१०० | |
| | सेवा केन्द्र | २००००० | | ५६,७५४ | ६६,००० |
| | घर भाडा | | | २८,००० | ८४,००० |
| | **कर्जा जोखिम खर्च** | **५२,००,०००** | **१,००,००,०००** | **९८,९३,१६५.२१** | **१,५०,००,०००** |
| | जम्मा खर्चको जोड | **५७६५७०००** | **५०३०००००** | **५,९१,६१,३५८** | **८५३४६०००** |
| | संचालन मुनाफा | २७३४३००० | २६९००००० | २४४,०३,४३७ | ३०८२९८०० |
| | जम्मा | **८,५०,००,०००** | **७,७२,००,०००** | **८,३२,०८,३९५** | **११,७७,००,०००** |

**८. लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरणः (Dividend & Patronage fund Distribution)**

सदस्य महानुभावहरू,

संस्था नियमित कारोवारबाट आ.ब. ०७८/०७९ मा रु. २,४४,०३,४३७.३८ (अक्षरेपि : दुई करोड चौवालिस लाख तीन हजार आठ सय सैतिस रुपैया) संचालन मुनाफा आर्जन गर्न सफल भई आयकर रु.१२,२०,१७२ (अक्षरेपिः बाह्रलाख बीस हजार एक सय त्रिहत्तर) कट्टा गरी हुन आउने रकम रु.२,३१,८३,२६५। (अक्षरेपिः दुई करोड एकतिस लाख त्रियासी हजार दुई सय पैसठ्ठी रुपैया) विनियम अनुसार विभिन्न कोषहरूमा बाँडफाँड पश्चात शेयर लाभांश कोषमा संचित भएको रकम रु

९२,०६,५४०। अक्षरेपि : वयानब्बेलाख छहजार पाँचसय चालिस रुपैया वाट सदस्यहरुलाई शेयर लगानीको १५ प्रतिशतका दरले लाभांस वितरण र संरक्षित पुँजी फिर्ता कोषको रकम रु ४४,१३,४९०। अक्षरेपि : चौवालिस लाख तेह्र हजार चार सय नब्बे रुपैया सदस्यहरुले ऋणमा तिरेको व्याज तथा वचतमा प्राप्त गरेको व्याजको योगदानलाई आधार मानी संस्थाको संरक्षित पुँजी फिर्ता कोष वितरण व्यवस्थापन कार्यविधि बमोजिम वितरण गर्ने प्रस्ताव स्वीकृतिका लागि पेश गर्दछु।

**सदस्य महानुभावहरु**

देशमा क्रमश बढ्दै गएको मूल्यबृद्धिलाई मध्यनजर गरी संस्थामा कार्यरत कर्मचारीहरुको तलव स्केलमा रु ३००० (तीन हजार) बृद्धि गरिएको । संस्थाको व्यवस्थापकलाई व्यवस्थापन भत्ता वापत रु ३००० दिदै आएकोमा यस आ.व.मा रु ५०००। कायम गरिएको साथै यस अघि खाजा तथा महगी भत्ता बापत प्रदान गरिदै आएको रकम रु ३०००। (तीन हजार) मा रु १०००। घटाई रु २०००। को व्यवस्था गरिएको हुदाँ अनुमोदनको लागि प्रस्ताव पेश गरेको छु।

**अन्तमा,**

संस्थाको २०औं वार्षिक साधारण सभामा आफ्नो अमूल्य राय सहित वार्षिक प्रतिवेदनहरु र अन्य प्रस्तावहरु पारित गर्न उपस्थित आदरणीय शेयर सदस्यहरु, वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न संस्थाहरुबाट शुभकामना दिन उपस्थित अतिथिज्यूहरु, पूर्व अध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समिति तथा उपसमितिका सदस्यज्यूहरु र कर्मचारीहरु मित्रहरुमा सहकारिताको न्यानो अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्यहरु,**

नेपालको संबिधान २०७२ ले मुलुकको आर्थिक विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको संलग्नताले मात्र अर्थतन्त्रको समुचित विकास गर्न सकिने परिकल्पना गरेको र मुलुक त्यस दिशामा अगाडि बढिरहेको सन्दर्भमा यी तीन क्षेत्रको समन्वयकारी भूमिका रहेको अवस्थामा मुलुकको आर्थिक विकास सम्भव हुने देखिन्छ । यस्तो स्थितीमा हामी क्रियासिल रहेको सहकारी क्षेत्रले सहकारी सिद्धान्त र यसका मूल्य मान्यता आत्मसात गरी संस्थागत सुशासन, ऐन नियमको परिपालना र आर्थिक पारदर्शिता कायम राखी सदस्यको आर्थिक तथा सामाजिक स्तर सुधार गर्न र मुलुकको आयात प्रतिस्थापन गर्न सहकारी मार्फत उत्पादकत्व बृद्धिमा क्रियासिल भई योगदान गर्न आवश्यक देखिन्छ ।

**आदरणीय शेयर सदस्यहरु,**

**कार्यक्रम तथा बजेट कार्यान्वयनः**

संस्थाको १९ औं वार्षिक साधारण सभाद्वारा पारित भएको आ. ब. ०७८/०७९ को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका सम्बन्धमा विगतमा निरन्तरता दिई समाबेश भएका कार्यक्रमहरु अधिकांश कार्यान्वयन भएका छन् । यस बिचमा सहकारी शिक्षा, वित्तिय साक्षरता, सरसफाई, स्वास्थ्य शिविर, राहत वितरण जस्ता सामुदायिक सरोकारका कार्यक्रमहरु भएका छन् । जसबाट समुदायमा संस्थाको विश्वसनियता बढ्न गएको छ । यस्ता कार्यक्रमहरुमा आम समुदाय तथा सदस्यको उल्लेख्य सहभागिता गराउन प्रयत्नसिल हुनुपर्ने देखिन्छ । बजेट कार्यान्वयनका सम्बन्धमा लक्ष्य अनुरुपको श्रोतको संकलन त्यसको समुचित उपयोग (Pearls) अनुरुप देखिन्छ । आम्दानी खर्च बजेटको सीमा भित्र नियमित, मितव्ययी र पारदर्शी ढंगले भएको देखिन्छ । विगत वर्ष देखि महामारीको रुपमा फैलिरहेको कोभिडको असर मुलुकको आर्थिक विकासमा बाधकको रुपमा रहेको अवगत नै छ । अर्कोतिर हाल जारी रुस युक्रेनको युद्धबाट विश्व अर्थतन्त्रमा परेको असरले मुलुकमा दिनानुदिन महङ्गी बढ्दै गई मुद्रास्फीती दरमा उच्च बृद्धि भई मुलुकको अर्थतन्त्रमा गम्भिर असर देखा परेको स्थितीमा सहकारी क्षेत्रमा यसको दुरगामी असर पर्नसक्ने यथार्थतालाई मध्यनजर गरी संस्थाले सावधानीपूर्वक आर्थिक गतिविधिहरु संचालन गर्नु आवश्यक देखिन्छ । यस्तो विषम परिस्थितीमा पनि संस्थाको आर्थिक कारोवार र बृद्धिदर उल्लेख्य रहेको तलको तालिकाबाट स्पष्ट गर्न चाहान्छु ।

| सि. नं | विवरण | आ. व. २०७८।०७९ | आ. व. २०७७।०७८ | बृद्धिको अवस्था | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्यता | ४२७७ | ३७४३ | ५३४ | १४.२७% |
| २ | शेयर पूँजी | ५,२४,२१,६००.०० | ४,५०,००,६००.०० | ७४,२१,०००.०० | १६.४९% |
| ३ | वचत | ५५,७३,५०,५५०.०० | ५१,४९,९९,६३७.०० | ४,२३,५०,९१३.०० | ८.२३% |
| ४ | जगेडाकोष | ५,७३,००,३७०.०० | ४,४४,९३,५७७.०० | १,२८,०६,७९३.०० | २८.७८% |
| ५ | विभिन्न कोष | १,८५,९९,५९४.०० | १,०१,६२,२९९.०० | ८४,३७,२९५.०० | ८३.०३% |
| ६ | ऐच्छिक कोष | २,५९,७३,४९४.०० | २,०६,३१,५९८.०० | ५३,४१,८९६.०० | २५.८९% |
| ७ | बाह्य ऋण सापटी | १,४०,००,०००.०० | ०.०० | १,४०,००,०००.० | १००% |
| ८ | वित्तिय लगानी | २,२२,२८,७०१.०० | ४,६९,९८,२७४.०० | (२,४७,६९,५७३.००) | (५२.७१%) |
| ९ | ऋण लगानी | ५७,८६,६५,९८५.०० | ४८,३०,१६,२९९.०० | ९,५६,४९,६८६.०० | १९.८१% |
| १० | तरलता | ११,३८,६१,२१३.०० | ९,६१,३७,९१९.०० | १,७७,२३,२९४.०० | १८.४४% |
| ११ | स्थिर सम्पत्ति | १,०५,१८,०००.०० | १,०७,४९,२७५.०० | (२,३१,२७५.००) | (२.१५%) |
| १२ | कूल आम्दानी | ८,३५,६४,७९५.०० | ७,४२,८१,९७५.०० | ९२,८२,८२०.०० | १२.९६% |
| १३ | कूल खर्च | ५,९१,६१,३५७.०० | ५,६०,१४,३३०.०० | ३१,४७१३७.०० | ५.६२% |
| १४ | मूनाफा (कर अघिको) | २,४४,०३,४३७.३८ | १,८२,६७,६४५.०० | ६१,३५,७९२.०० | ३३.५९% |

**संस्थागत सुशासनः**

संस्थालाई अविछिन्न रुपमा संचालन गर्न नीतिगत रुपमा व्यवस्थित हुनुको साथै त्यसको कार्यान्वयन उत्तिकै महत्वपूर्ण हुन्छ । मुलुकमा विद्यमान ३ तहका सरकारद्वारा जारी सहकारी ऐन, सहकारी नियमावली अनुरुप संस्थाको विनियम, आन्तरिक कार्यविधि एवं निर्देशिकाहरुको समयानुकूल परिमार्जन र आवश्यक संशोधन गरी व्यवस्थित गर्दै सुशासनयुक्त संस्थाको रुपमा विकास गर्नु अपरिहार्य हुन्छ । यसै सिलसिलामा संस्थाको मौजुदा विनियम, कार्यविधिहरु र निर्देशिकाहरुको पूर्नलेखन कार्य भएको पाईयो । अर्कोतिर आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्दै संस्थाबाट प्रवाह हुने सेवाहरुको गुणस्तर बृद्धिमा जोड दिनुपर्ने देखिन्छ ।

**जनशक्ति व्यवस्थापन र नेतृत्व विकासः**

संस्थामा विद्यमान सिमित जनशक्तिबाट संस्थाको परिकल्पना, ध्येय र उद्देश्य परिपूर्तिका लागि क्रियाशिल भई कार्य गरेको देखिन्छ । संस्थाको कारोवार र सदस्य संख्यालाई  आधार मानी कर्मचारी पद्पूर्ति गर्नुपर्ने आवश्यकता रहेकोले सो पद्पूर्ति गरी संस्थाको दीगो विकास, सदस्य केन्द्रीत कारोवारहरु गर्नको लागि उनीहरुको क्षमता विकास निरन्तर गर्नु अनिवार्य हुन्छ । संस्थाबाट उनीहरुले गर्ने कार्य अनुसारको सेवाकालिन तालिम विभिन्न समयमा प्रदान हुँदै आएको पाईन्छ । साथै उपसमितिको क्षमता अभिबृद्धि गरी सक्षम र योग्य नेतृत्व विकास पनि संस्थाको लक्ष्य रहेकोले त्यस दिशामा संस्थाबाट समय समयमा विभिन्न किसिमका संस्थागत तथा नेतृत्व विकास तालिम प्रदान हुँदै आएको पाईन्छ ।

**सामुदायिक क्रियाकलापमा सहभागिताः**

संस्थाले सदस्य केन्द्रीत कारोवारको साथ साथै कार्यक्षेत्र भित्र सामाजिक सरोकारका कार्यहरुमा सहभागिता र ऐक्यबद्धता जनाउनु पर्छ । जसबाट सदस्यता बृद्धी र संस्था प्रति समुदायको सकरात्मक धारणाको विकास भई सहकारिताको भावनाको विकास गराउन सकिन्छ । संस्थाबाट रासायनिक मलको विक्री वितरण, वित्तिय साक्षरता, विप्रेषण सेवा, राहत वितरण, रक्तदान, स्वास्थ्य शिविर, जेष्ठ सदस्य तिर्थाटन, बृक्षारोपण, सरसफाई जस्ता कार्यहरु हुँदै आएको देखिन्छ ।

**नविनतम् प्रविधिको उपयोगः**

संस्थाबाट सदस्यहरुलाई प्रदान हुने सेवाहरुलाई प्रविधि मैत्री बनाई कारोवार गर्न अभिप्रेरित गर्न आवश्यक देखिन्छ । हाल संस्थाले नेकोस प्लस सफ्टवेयर मार्फत वचत तथा ऋणको कारोवार, रेमिट्यान्स सेवा, अनलाईन बैंकिङ्ग जस्ता सेवाहरु प्रदान गर्दै आएको छ । हाल संस्थामा विद्यमान सफ्टवेयर प्रतिस्थापन गरी नयाँ सफ्टवेयर मार्फत संस्थागत कारोवारहरु गर्नुपर्ने आवश्यकता देखिन्छ । संस्थाले आगामी दिनमा नविनतम् प्रविधिको प्रयोग गरी Cash less, Paper Less कारोवार गर्नको लागि कार्यविधि तयार गरी यथाशिघ्र कार्यान्वयनमा जानुपर्ने देखिन्छ । यसलाई आम सदस्यको पहुँचमा पुऱ्याउन प्रचार प्रसार, सदस्य भेला जस्ता कार्यक्रम गर्नुपर्ने देखिन्छ । यसबाट सेवाहरुको गुणस्तर अभिबृद्धि, साधन श्रोत सदुपयोग, लागत खर्चमा कमी हुन गई संस्थाको विश्वसनियता कायम हुन जाने देखिन्छ ।

**समिति/उपसमितिको सक्रियताः**

संस्थाको परिकल्पना, ध्येय र उद्देश्य प्राप्तिको लागि रणनीतिक योजना मुताविक आवधिक वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न समिति/उपसमितिको सक्रियता हुनुपर्दछ । भावी दिनमा संस्थाको स्थायित्व र दिगो विकासमा नेतृत्वको अहम भूमिका हुने भएकोले समयानुकूल नेतृत्व तथा क्षमता विकास हुने गतिविधिमा सरिक गराई संस्थागत सक्रियता बढाउन अभिप्रेरित गर्नुपर्ने देखिन्छ ।

**सदस्य सन्तुष्टी र प्रतिफल वितरणः**

संस्थाको दिगो स्थायित्वको लागि सदस्यहरु सन्तुष्ट भएको हुनुपर्दछ । संस्था सदैव उनीहरुको वित्तिय आवश्यकता र अपेक्षा पुरा गर्न चनाखो रहनुपर्छ । विगतका वर्षहरु देखि सदस्यको लगानीमा उच्चतम प्रतिफल र योगदानको आधारमा संरक्षित पूँजी रकम फिर्ता गर्दै आएको देखिन्छ । यसबाट सदस्यहरुमा संस्था प्रति अपनत्व हुने र सहकारिताको भावनाको समेत विकास हुने देखिन्छ ।

***आदरणिय शेयर सदस्यहरू,***

संस्थालाई सवल, सक्षम र समुदायमा केन्दीत गर्नका लागि तपसिलका सुझावहरू प्रस्तुत गर्न चाहन्छु ।

१. सदस्यता वृद्धिका लागि सहकारी शिक्षा शिविर, वित्तिय साक्षरता जस्ता कार्यक्रम संचालन गर्नुपर्ने ।
२. लघुवित्त कार्यक्रमलाई प्रभावकारी बनाउन समूहको व्यवस्थापन, आवश्यक तालिम, अनुगमन विधी लगायतका कार्यहरू गर्न छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने ।
३. दोहोरो सदस्यता व्यवस्थापन गर्न संस्था एकिकरण गर्ने नीतिलाई प्राथमिकता दिनुपर्ने ।
४. मौजुदा नीति नियमहरूको समयानुकूल संशोधन र परिमार्जन गरी अद्यावधिक गर्नुपर्ने ।
५. संस्थामा नयाँ-नयाँ प्रविधिको प्रयोग गरी कार्यसंचालन प्रभावकारी एवं चुस्त बनाउनुपर्ने ।

६. संस्थाका पदाधिकारी तथा कर्मचारीहरूको कामलाई प्रभावकारी बनाउन क्षमता अभिवृद्धि/सेवाकालिन तालिम प्रदान गर्नुपर्ने ।
७. संस्थामा कार्यरत कर्मचारीहरूलाई मौजुदा नीति नियमहरूको बारेमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गर्नुपर्ने ।
८. ऋण लगानी C5 अवधारणा अनुसार गर्न ऋण उपसमिति र ऋणमा कार्यरत कर्मचारीको निरन्तर पूर्नताजगी गरी दक्षता अभिबृद्धि गर्नुपर्ने ।
९. संस्थाको वित्तिय अवस्थालाई आधार मानी उचित तरलता व्यवस्थापन गरेर मात्र ऋण लगानी र खर्च गर्नुपर्ने ।
१०. नियमित बचत/अनिवार्य बचत जस्ता योजनाहरूमा समयानुकूल व्याजदर परिमार्जन गरी सदस्यलाई बचत गर्न प्रोत्साहन गर्नुपर्ने ।
११. नियमितता, मितव्ययीता, प्रभावकारिता र आर्थिक अनुशासन कायम गर्न सदैव चनाखो हुनुपर्ने ।
१२. संस्थाका महत्वपूर्ण दस्तावेजहरू, सम्पत्ति सामानहरु, जिन्सी सामानको सुरक्षण गर्न उचित भण्डारण र जिम्मेवारी दिनुपर्ने । सालवसाली भौतिक परीक्षण गर्नुपर्ने ।
१३. संस्थालाई एक आर्थिक वर्षभित्र आवश्यक पर्ने सेवा, सामानहरूको लगत तय गरी विज्ञापन मार्फत सेवाप्रदायक फर्महरूको सूचिकरणको व्यवस्था गर्नुपर्ने ।
१४. कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकनलाई व्यवस्थित गर्नुपर्ने ।
१५. संस्थाको वित्तिय विवरणहरू पर्ल्स मापदण्डले तोके बमोजिम कायम राख्नुपर्ने र त्रैमासिक वित्तिय विवरण सार्वजनिक प्रकाशनको व्यवस्था मिलाउनुपर्ने ।
१६. सम्पूर्ण सदस्यहरूको KYM विवरण अद्यावधिक गर्नुपर्ने ।
१७. आर्थिक कारोवार गर्न कम्तिमा दुईवटा बैंक खाता संचालन गर्नुपर्ने । अनावश्यक बैंक खाताहरु बन्द गर्नुपर्ने ।
१८. नियमनकारी निकायमा पेश गर्नुपर्ने विवरण तथा कागजात तोकिएको समय भित्र पेश गर्नुपर्ने ।
१९. सम्पत्ति सुद्धीकरण ऐन बमोजिमका कार्यहरूको समिक्षा गरी अद्यावधिक गर्नुपर्ने ।
२०. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियमको परिपालन र लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकबाट दिइएको सुझावहरू कार्यान्वयन गर्नुपर्ने ।
२१. हाल मुलुकमा देखा परेको आर्थिक मन्दी, तरलता अभावलाई ध्यानमा राखी सावधानी पूर्वक आर्थिक गतिविधिहरु गर्नुपर्ने ।

अन्त्यमा,

संस्थाप्रति माया राख्नुहुने शेयर सदस्य, शुभचिन्तक, र आन्तरिक लेखा सुपरिवेक्षण कार्यमा सहयोग गर्नुहुने सञ्चालक समिति, कर्मचारी व्यवस्थापनमा संलग्न कर्मचारीहरू तथा सुपरिवेक्षण कार्यमा संलग्न लेखा समितिका सदस्यद्वय श्री तिर्थराज चौलागाई र सन्तोष कार्कीलाई विशेष धन्यवाद ज्ञापन गर्दै विदा हुने अनुमति चाहन्छु ।

धन्यवाद । जय सहकारी । २०७९ आश्विन ०१

# ऋण उप-समितिको प्रतिवेदन

**विश्शेश्वर चौलागाई**
**संयोजक**

आदरणीय सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, पूर्व अध्यक्षज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, अतिथिज्यूहरु, संस्थाका पदाधिकारीज्यूहरु, संचालकज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, उपसमिति तथा कार्यदलका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका कर्मचारी मित्रहरु तथा २० औं वार्षिक साधारण सभामा उपस्थित सदस्यज्यूहरु, बचत तथा ऋण सहकारी अभियानका अभियन्ता, संचारकर्मी तथा सुरक्षाकर्मी एवम् यस संस्थाका शुभेच्छुक मित्रहरुमा सहकारीताको न्यानो अभिवादन व्यक्त गर्दछु ।

**अध्यक्ष महोदय,**

अब म आ.व. २०७८/०७९ को वास्तविक ऋण लगानी र ऋण सुरक्षण कोषको अवस्था पेश गर्ने अनुमति चाहन्छु ।

**ऋण लगानीको अवस्था :**

आ.व.२०७७/०७८ को अन्त्यमा कुल ऋण लगानी रु.४८,३०,१६,२९९।- (अक्षेरुपी अठ्चालिस करोड तिस लाख सोह्र हजार दुई सय उनान्सय रुपैयाँ ) रहेकोमा आ.व. २०७८/०७९ मा रु. ९,५६,४९,६८६।- (नौ करोड छपन्न लाख उनान्चास हजार छ सय छयासी रुपैया) वृद्धि भई रु.५७,८६,६५,९८५।- (अक्षेरुपी सन्ताउन्न करोड छयासी लाख पैंसठ्ठी हजार नौ सय पचासी रुपैयाँ ) पुगेको छ । गत आ.व को तुलनामा ऋण लगानी १९.८०% ले वृद्धि भएको छ । कुल सम्पत्तिको अनुपातमा खुद ऋणको अनुपात (E1)७५.९६% रहेको छ भने कुल सम्पत्तिको अनुपातमा भाखा नाघेको ऋणको अनुपात (A1) ४.८४% रहेको छ । संस्थाको महत्वपूर्ण मेरुदण्डको रुपमा रहेको ऋण लगानीलाई तपशिल बमोजिम सुरक्षण व्यवस्थापन गरिएको छ ।

**तपशिल :**

| ऋणको वर्गिकरण | ऋण रकम रु. | ऋण वर्गिकरण अनुसार ऋण सुरक्षण कोष (रकम रु.) | ऋण सुरक्षण कोष % मा |
|---|---|---|---|
| असल ऋण (P2X) | ५५,४२,८०,३२३।- | ५५,०६,१०३।- | १% |
| शंकास्पद ऋण (P2) | १,२५,६३,८९७।- | ५६,७२,१३२।- | ३५% |
| खराब ऋण (P1) | १,१८,२१,७६५।- | १,१८,२१,७६५।- | १००% |
| जम्मा ऋण रु. | ५७,८६,६५,९८५।- | २,३०,००,०००।- | |

आगामी दिनमा संस्थाले भाखा नाघेको ऋणलाई ५% भन्दा न्यून गर्ने कार्यलाई निरन्तर प्राथमिकतामा राखि लगानीलाई स्वस्थ बनाउने, ऋण लगानी गर्नुपुर्व सदस्यको गहन विश्लेषण, पर्याप्त

धितोको व्यवस्था गरि एकाघर परिवार वा सामुहिक जमानीमा ऋण लगानी गर्ने ।ऋणीको आयस्रोत र तिर्नसक्ने क्षमता हेरि ऋण असुलीको अवधी निर्धारण गर्ने, किस्ताबन्दिमा ऋण लगानीलाई प्राथमिकतामा राख्ने, मासिक र त्रैमासिक रुपमा ऋणलाई किस्ताबन्दिमा भुक्तानी गर्ने सदस्यहरुलाई ब्याजमा दिँदै आएको छुटलाई निरन्तरता दिईने छ ।

**<u>ऋण सुरक्षण कोषको व्यवस्था :</u>**

आ.व. २०७७/०७८ मा ऋण सुरक्षण कोष अर्न्तगत रु.१,७८,५०,९९८।- (एक करोड अठहत्तर लाख पचास हजार नौ सय अन्ठानब्बे रुपैयाँ) व्यवस्थापन गरिएकोमा आ.व. २०७८/०७९ मा रु.५१,४९,००२।- (एकाउन्न लाख उनान्चास हजार दुई रुपैयाँ ) थप गरि रु.२,३०,००,०००।- (दुई करोड तिस लाख रुपैयाँ) व्यवस्थापन गरिएको छ जसमध्ये भाखा ननाघेको ऋण (असल ऋण) को लागि १%, १२ महिनासम्म भाखा नाघेको ऋण (शंकास्पद ऋण) को लागि ३५% र १ वर्षमाथि भाखा नाघेको ऋण (खराब ऋण) को लागि १००% कोषको व्यवस्थापन गरिएको छ ।

**<u>सभाध्यक्ष महोदय,</u>**

अब म आ.व. २०७९/०८० को प्रस्तावित बजेटमा सचिवज्यूले पेश गर्नुभएको नीति तथा कार्यक्रम र उक्त कार्यक्रम कार्यान्वयनका लागि कोषाध्यक्षज्यूले पेश गर्नु भएको वित्तिय योजना र अनुमानित आय व्ययमा संलग्न भएका ऋणसंग सम्बन्धित विषयहरुको व्यहोरा प्रस्तुत गर्दछु ।

आ.व.२०७९/०८० को प्रस्तावित बजेटमा ऋणसंग सम्बन्धित मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

- आ.व.२०७९/०८० मा ऋण लगानी रु.१२,१३,३४,०१५ (बाह्र करोड तेह्र लाख चौँतिस हजार पन्ध्र रुपैयाँ) अर्थात २०.९७ % ले वृद्धि गरि रु.७०,००,००,०००।- (सत्तरी करोडरुपैयाँ ) पुऱ्याउने लक्ष्य लिईएको छ ।
- सदस्यको माग अनुसार उद्यमशिलता विकास तालिमहरु संचालन गरिनेछ ।
- सदस्यहरुको कृषि उत्पादन तथा साना उद्योगबाट उत्पादित वस्तुहरुको बजारीकरणमा सहयोग पुऱ्याउने लक्ष्य लिईएको छ ।
- सदस्यहरुको ऋण बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- व्यवशायिक सदस्यहरुसंग अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

अन्त्यमा,

यस चमेली कल्याणकारी साकोसमा आवद्ध हुनुभएका सम्पूर्ण शेयर सदस्यहरु, संस्थाको उद्देश्य, ध्येय तथा संचालक समितिको मार्गदर्शन अनुरुप ऋण उप-समितिमा रहनुहुने सदस्यहरु नवराज घिमिरेज्यू र विनोद थापाज्यू तथा कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने संचालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उप-समितिका सम्पूर्ण सदस्यहरु तथा कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दै आउदै गरेको विजया दशमी, शुभ दिपावली २०७९, नेपाल संवत ११४३ र छठ पर्वको सुखद उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद । जय सहकारी । २०७९ आश्विन ०१

# शिक्षातालिम तथा सूचना उप-समितिको प्रतिवेदन

दिपक कुमार न्यौपाने
संयोजक

आदरणीय सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, पूर्व अध्यक्षज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, अतिथिज्यूहरु, संस्थाका संचालकज्यूहरु, उपसमिति तथा कार्यदलका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका कर्मचारी मित्रहरु तथा २० औं वार्षिक साधारण सभामा उपस्थित सदस्यज्यूहरु, बचत तथा ऋण सहकारी अभियानका अभियन्ता, संचारकर्मी तथा सुरक्षाकर्मी एवं यस संस्थाका शुभेच्छुक मित्रहरु यहाँहरु सबैमा सहकारीताको न्यानो अभिवादन व्यक्त
गर्दछु ।

"गुणस्तरिय जिवन र सुनिश्चित भविष्यको लागि चमेली साकोस" भन्ने आदर्श वाक्य अनुसरण गर्दै सहकारीको सिद्धान्त अनुसार दिर्घकालिन विकासको लागि संस्थाको शेयर सदस्य, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उप-समिति तथा कर्मचारीहरुलाई शिक्षा तालिम उपलब्ध गराई संस्थाको घोषित कार्यक्रम सफल पार्न सदस्यहरुको ज्ञान, सिप, क्षमता र धारणामा परिवर्तन तथा क्षमता अभिवृद्धि गर्दै संस्थागत विकासमा महत्वपुर्ण योगदान पुर्‍याउँदै आएको व्यहोरा अवगत गराउँदछु ।

**आदरणिय शेयर सदस्य महानुभावहरुः-**

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने ६४ औं सहकारी दिवसको नारा अनुसार संस्थामा आवद्ध शेयर सदस्यहरुलाई अधिकतम रुपमा व्यवसायी बनाई उनीहरुलाई प्रविधिमैत्री बनाउने तथा सदस्यहरुको आर्थिक तथा सामाजिक उन्नतीका लागि समुदायमा जनविश्वास प्राप्त दिगो सुशासन युक्त सहकारी बनाउने उद्देश्यका साथ संस्थाले महामारीको समयमा पनि अविच्छिन्न रुपमा सेवा प्रवाह गर्दै आएको र शिक्षा तालिम तथा सुचना उपसमिति पनि निरन्तर सहकार्यमा रहेको कुरा जानकारी गराउँदछु ।

आदरणीय शेयर सदस्य महानुभावहरु कोभिड-१९ को विश्वव्यापी महामारीको असरबाट संस्था पनि अछुतो रहेन । संस्थाको पुर्व घोषित कार्यक्रमहरुमा केहि कार्यक्रम बाहेक सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् यस उपसमितिको सुरक्षित कृयाशिलताबाट गत आ.व.मा सम्पन्न भएका कार्यक्रम तथा आगामी आ.व.मा सम्पन्न गर्ने कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**आ.व. २०७८/०७९ मा यस उपसमितिको सकृयतामा संचालन भएका कार्यक्रमहरु :-**

- "संवृद्धिका लागि सहकारीको भुमिका" विषयक निबन्ध प्रतियोगिता संस्थामा आबद्ध कक्षा ९ र १० का विद्यार्थीहरुबिचमा सम्पन्न गरिएको ।
- संस्था स्थापना दिवसको उपलक्ष्यमा चमेली सहकारी गान आव्हान गरि संचालक समितिमा पेश गरिएकोमा संचालक समितिले सर्जकहरुबाट प्राप्त सिर्जनामध्येबाट उत्कृष्ट रचना छनौट गरि रेकर्डीङ्ग भएको ।

- संचालक समितिको कार्यादेश अनुरुप संस्थाको कार्यक्षेत्र भित्रका विभिन्न चार (४) स्थानमा विस्तारित मञ्च बैठक तथा संरक्षित पुँजी फिर्ताकोष वितरण कार्यक्रम रहेको मध्ये मिति २०७८।०९।१७ गतेका दिन श्री हिमाल एकेडेमी गुण्डु र २०७८।०९।२४ गते श्री दधिकोट इङ्गलीस स्कूलमा सम्पन्न भएको र बाँकि स्थानमा कोभिड-१९ का कारण स्थगित भएको ।
- सहकारी आधारभूत शिक्षा शिविर श्री भैरवी आधारभूत विद्यालय गुण्डुमा सम्पन्न गरिएको ।
- संस्थामा कार्यरत कर्मचारीहरुका लागि १ दिने क्षमता अभिवृद्धि तालिम संस्थाको तालिम हलमा सम्पन्न भएको ।
- संस्थाका सदस्य र गैर सदस्यहरुलाई सहकारी आधारभूत शिक्षा शिविर श्री ज्योती प्राथमिक विद्यालय गुण्डुमा सम्पन्न गरिएको ।
- संस्थाका संचालक समिति, उपसमिति र केहि कर्मचारी समेतको ३ दिने आवसिय अध्ययन अवलोकन भ्रमण झापा स्थित सहारा साकोस र मोरङ्ग स्थीत मनकामना साकोसमा सम्पन्न भएको ।
- संस्थामा कार्यरत कर्मचारीहरुको लागि दोलखा स्थित श्री मिलिजुली साकोसको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको ।
- संस्थाका संचालक समिति, उपसमिति सदस्य र कर्मचारी समेतको १ दिने पूर्व नेतृत्व अभिमुखिकरण तालिम संस्थाको हलमा सम्पन्न गरिएको ।

**अब म आ.व. २०७९।०८०का लागि प्रस्तावित कार्यक्रमहरुको विवरण प्रस्तुत गर्दछु ।**

- संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा कर्मचारीहरुको लागि “CUDCCÆ ३ दिने आवासिय तालिम संचालन गर्ने ।
- कार्यक्षेत्र भित्रका विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरुबिच सहकारी विषयमा वक्तृत्वकला प्रतियोगिता संचालन गर्ने ।
- लघुवित्त समुहका लागि समुह व्यवस्थापन तालिम कार्यक्षेत्र भित्रका ४ स्थान गुण्डु, सिकारीटार, सिरुटार, विरुवामा १।१ दिन संचालन गर्ने ।
- सदस्य लक्षित सहकारी शिक्षा कार्यक्रम र विस्तारित मञ्च कार्यक्रम उपयुक्त स्थान छनौट गरि सम्पन्न गर्ने, उक्त कार्यक्रम संस्थाबाट प्रदान गरि सबै सेवा सुविधा समेत प्रदान गरिनेछ ।
- कार्यक्षेत्र भित्रका विद्यार्थीहरुका लागि आवश्यकता अनुसार सहकारी शिक्षा कार्यक्रम सम्पन्न गरिनेछ ।
- संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा व्यवस्थापनका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम गरिनेछ ।
- संस्थामा कार्यरत कर्मचारीहरुको लागि २ दिने अध्ययन अवलोकन भ्रमण कार्यक्रम गरिनेछ ।
- व्यवसायिक सदस्य लक्षित कार्यक्रम अर्न्तगत व्यवसायीहरुसंग नीति नियम र आन्तरिक कार्यविधि सम्बन्धी अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिनेछ ।
- संस्थामा आबद्ध सदस्यहरुलाई व्यवसाय उत्प्रेरणा तालिम संचालन गरिनेछ ।
- संचालक समितिको निर्देशन अनुरुप आवश्यकताको आधारमा अन्य कार्यक्रमहरु गर्दै जाने ।

**अन्त्यमा,**

यस चमेली कल्याणकारी साकोसमा आवद्ध हुनुभएका सम्पूर्ण शेयर सदस्यहरु, संचालक समितिको मार्गदर्शन अनुरुप संस्थाको परिकल्पना ध्येय र उद्धेश्य पुरा गर्न अहोरात्र खटिई सहयोग गर्नुहुने यस शिक्षा तालिम तथा सुचना उप-समितिमा रहनुहुने सदस्यहरु प्रकाश न्यौपानेज्यू, ऋषिराम ढकालज्यू, सुदर्शन न्यौपानेज्यू, मुक्तिनाथ घिमिरेज्यू तथा कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने संचालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उप-समितिका सम्पूर्ण सदस्यहरु तथा कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दै आउदै गरेको विजया दशमी, शुभ दिपावली २०७९, नेपाल संवत ११४३ र छठ पर्वको सुखद उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

जय सहकारी । २०७९ आश्विन ०१गते

**२०७८/६/४ गते देखि २०७९/५/१४ गते सम्म दिवंगत हुन भएका यस संस्थाका सदस्यहरु प्रति चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**



श्री होमकुमारी चौलागाई
स.नं.४१३
स्व.२०७८।०६।१०



श्री सावित्री चौलागाई
स.नं.३८७
स्व.२०७८।०६।३०



श्री ध्रुव प्रसाद न्यौपोने
स.नं.८२८
स्व.२०७८।०७।०९

श्री सोम कुमारी न्यौपाने
स.नं.२९६
स्व.२०७८।०८।०९

श्री सारदा खड्का
स.नं.१२४४
स्व.२०७८।०८।२२



श्री मखमली राउत
स.नं.१००३
स्व.२०७८।९।३०



श्री धन कुमारी चौलागाई
स.नं.१६१६
स्व.२०७८।१०।१६



श्री हर्क बहादुर घिमिरे
स.नं.१४०८
स्व.२०७८।१०।१३

श्री भद्र प्रसाद तिमलसिना
स.नं.१५३६
स्व.२०७८।१२।२४



श्री दिपक कुमार मैनाली
स.नं.३३१८
स्व.२०७९।०१।२४

श्री मन्जु मिश्र
स.नं.१२७९
स्व.२०७९।२।११



श्री सन्तमाया श्रेष्ठ
स.नं.५४४
स्व.२०७९।०२।२१



श्री गुण बहादुर कार्की
स.नं.१९०४
स्व.२०७९।०२।२३



श्री सानुमैया घिमिरे
स.नं.१००६
स्व.२०७९।०२।२६



श्री बद्री बहादुर कुवँर
स.नं.१८६१
स्व.२०७९।०४।१३



श्री जानुका गौतम
स.नं.५७०
स्व.२०७९।०४।१६



श्री पूर्ण बहादुर थापा
स.नं.३०३५
स्व.२०७९।०४।२२



श्री टिका प्रसाद घिमिरे
स.नं.८८४
स्व.२०७९।०५।१४

# महिला लघु वित्त उप-समितिको प्रतिवेदन

शर्मिला बस्नेत
संयोजक

***आदरणीय शेयर सदस्य महानुभावहरू,***

"सहयोग, समन्वय र सहकारिता" भन्ने मूल नाराकासाथ चमेली कल्याणकारी साकोसको २० औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु,विभिन्न संघ संस्थाबाटबाट पाल्नु भएका अतिथिज्यूहरु, पत्रकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यजूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उप-समितिका संयोजक एवम् सदस्यज्यूहरु, कर्मचारी साथीहरु र संस्थाका सम्पूर्ण शेयर धनी सदस्य महानुभावहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा महिला तथा लघुवित्त उपसमितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारिताको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

हाम्रो संस्था २०७८।०७९ सम्ममा सदस्य संख्या ४२७७मध्ये २४०८ जना महिला सदस्य रहनु भएको अवस्था छ । अर्थात् झण्डै कुल सदस्यको ५६% महिलाहरु समेटिनु हाम्रो साकोसको लागि गर्वको कुरा हो । यस साकोसमा करिब ११०० भन्दा बढि दिदी बहिनीहरुले लघुवित्त केन्द्रहरुमा स-सानो पुँजीलाई एकिकृत गरि समूह मार्फत् बचत गरि समूहका सदस्यहरुलाई सरल र सुलभ ढंगबाट ऋण प्रवाह गरी महिलाहरुलाई आर्थिक रुपमा सबल र सक्षम बनाउने तर्फ प्रयास गर्दै आएको छ साथै महिलासशक्तिकरणका विभिन्न सिपमूलक, आयमूलक र घरमै बसेर काम गर्न मिल्ने स-साना घरेलु उद्योग लगायतका तालिम दिनको लागि विभिन्न संघ संस्था र स्थानीय निकायहरुसंग समन्वय एवं हातेमालो गरी तालिमहरु संचालन गर्ने प्रयासहरु भैरहेकोछ ।

आदरणीय शेयर सदस्यज्यूहरु,

यस संस्थाको महिला तथा लघुवित्त उपसमितिले आ.व. २०७८।०७९ मा कोभिड-१९ को कारणबाट कार्यकमहरु संचालन गर्न नसकेको जानकारी गराउँदै यस आर्थिक वर्ष २०७९।०८० मा गत वर्ष गर्न नसकेका कार्यक्रमहरु र समय सापेक्ष थप कार्यक्रमहरु संचालन गर्दै लैजानेछौं ।

- सहकारी शिक्षा शिविर, समूह व्यवस्थापन,
- आयमूलक एवम् सिपमूलक तालिमहरु,
- महिला स्वास्थ्य शिविर संचालन,
- समूहका सदस्यहरुलाई अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम,
- रक्तदान कार्यक्रम,
- लघुवित्त समूह व्यवस्थापन तालिम,
- महिला नेतृत्व अभिमुखिकरण कार्यक्रम

**अन्तमा :-**

संस्थाको उद्देश्य, ध्येय तथा संचालक समितिको मार्गदर्शन अनुरुप महिला तथा लघुवित्त उप-समितिका सदस्यहरु श्री नवराज घिमिरे, श्री अम्बिका चौलागाई,श्री दुर्गा खड्का, श्री नारायणी थापा मगर, श्री संगिता जोशी, कार्य सम्पादनमा सहयोग पुर्‍याउनु हुने संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिका सम्पूर्ण सदस्यहरु तथा संस्थामा कार्यरत कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

जय चमेली कल्याणकारी । २०७९ आश्विन ०१ गते

# यूवा व्यवशाय तथा प्रवर्द्धन उप-समितिको प्रतिवेदन

मिना न्यौपाने
संयोजक

यस चमेली साकोसको २०औं वार्षिक साधारणसभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथीज्युहरू, सल्लाहकारज्यूहरू विभिन्न सहकारीबाट पाल्नु भएका सहकारीकर्मीज्यूहरू, संस्थाका सदस्य महानुभावहरू, लगायत उपस्थित सम्पूर्ण महानुभावहरूमा यूवा तथा व्यवशाय प्रवर्द्धन उप-समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारीताको न्यानो अभिवादन ।

आदरणीय शेयर सदस्य महानुभावहरु संस्थाको मूल नारा "**सहयोग, समन्वय र रहकारीता"** भन्ने मूल नारालाई आत्मसात गर्दै सहकारी अभियानलाई सशक्तरुपमा अघि बढाउन संस्थाले आफ्नो गन्तव्यलाई निरन्तर अघि बढाउनको लागि विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । स्थानीय स्तरमा छरिएर रहेको स-सानो पूँजीलाई बचत र शेयरको माध्यमबाट संकलन गरी सदस्यहरूको आर्थिक सामाजिक शैक्षिकस्तर माथि उठायन आत्मनिर्भर बनाउनको लागि "यूवा तथा व्यवशाय प्रवर्द्धन उप-समिति" गठन भएको व्यहोरा पनि जानकारी गराउँदछु । यस उपसमितीलाई दिएको कार्य विवरण र संचालक समितिले विभिन्न मिति र समयमा गरेको कार्यक्रमहरुमा सहभागी भई कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

संस्थाको आयोजनामा हुने हरेक कार्यक्रममा प्रत्यक्ष संलग्न रहेको र संस्थाको अव हुने कार्यक्रम सफल बनाउन पनि निरन्तर रुपमा लागि रहने र यस उप-समितीले आगामी दिनमा आयोजना गरिने कार्यक्रम यस प्रकार छन् ।

१. संस्थाका शेयर सदस्यहरूको भविष्य सुनिश्चितताको लागि ऋणी सदस्यहरुको ऋण वीमा सुरु गरिएको र स्वास्थ्य वीमाको कार्यक्रमको शुरुवात गर्न पहल गरिने छ ।
२. संस्थाको कार्यक्षेत्र भित्रका युवा सदस्यहरुलाई व्यवशायिक वनाउनको लागि आयमूलक तथा सिपमुलक तालिमको लागि युवा सदस्य सँग अन्तरक्रिया गरी व्यवसाय गर्न प्रोत्सहान गरिनेछ ।
३. सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत युवाहरुको सहभागीतामा रक्तदान कार्यक्रम आयोजना गरिनेछ ।
४. संस्थामा आवद्ध युवा सदस्यहरुलाई लक्षित गरी वनभोज जस्ता कार्यक्रमा समावेश गराइनेछ ।
५. स्थापना दिवसको अवसरमा स्वास्थ्य शिविर कार्यक्रमको आयोजना गरिनेछ ।

अन्तमा, यस साकोसका विभिन्न कार्यकम सफल पार्न अतुलनीय भूमिका निर्वाह गर्नु भएका संचालक समिति, विभिन्न उप-समिति, निरन्तर खटिनु भएका कर्मचारीज्यूहरु, सहकारी मित्रहरुका साथै यस युवा तथा व्यवसाय प्रवर्द्धन उप-समितिका सदस्य मित्रहरु श्री मैना दाहाल घिमिरे, श्री निशा धमलालाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद , जय सहकारी ।

# प्रचार प्रसार तथा प्रकाशन उप-समितिको प्रतिवेदन

श्रीराम न्यौपाने
संयोजक

यस संस्थाको २०औं वार्षिकसाधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, सल्लाहकारज्यू विभिन्न संस्थाबाट पाल्नुभएका सहकारीकर्मीज्यू, पत्रकारज्यू, संस्थाका शेयर सदस्य महानुभाव लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. को यस साधारण सभामा प्रचार प्रसार तथा प्रकाशन उप-समितिको तर्फबाट सहकारिताको न्यानो अभिवादन व्यक्त गर्दछु ।

**<u>आदरणीय सदस्य महानुभावहरु</u>**

यस चमेली कल्याणकारी साकोसले सहकारीको सर्वमान्य सिद्धान्त, मूल्य र मान्यतालाई अंगिकार गर्दै विभिन्न पेशा व्यवसायमा आवद्ध व्यक्तिहरुलाई समुदायप्रति ऐक्यबद्धता गर्दै मितव्ययी र आत्मनिर्भर बनाउने कार्य गर्दै आएको छ । समुदायका सदस्यहरुमा नियमित रुपले बचत गर्ने बानीको विकास गर्न, बचत रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न र सामाजिक तथा आर्थिक रुपान्तरणको एउटा अभिन्न अंगको रुपमा सहकारीको महत्वलाई बुझ्ेर आधुनिक तथा व्यवस्थित जिवनयापनमा सहयोग पुऱ्याउन यस चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था निरन्तर अघि बढिरहेको कुरा अवगत गराउन चाहन्छु ।

साकोसको विभिन्न उदेश्य प्राप्तिको लागि विभिन्न उप-समितिहरु गठन हुदै आईरहेको र यस प्रचार-प्रसार तथा प्रकाशन उप-समिति गठन भई निरन्तर सक्रिय हुँदै आईरहेको अवगत गराउन चाहन्छु । सञ्चालक समितिको निर्णयअनुसार यस उप-समिति गठन भई जिम्मेवारी दिए पश्चात् काम कर्तव्य र अधिकार भित्र रही विभिन्न समयमा बैठकहरु बसी नियमित रुपमा क्यालेन्डर, ब्रोसर, वार्षिक प्रतिवेदन लगायत अन्य प्रकाशन सम्बन्धी सम्पूर्ण कामहरु गर्दै आएको छ । संस्थाको आर्थिक गतिविधि आफ्ना शेयरधनी सदस्यहरुलाई अवगत गराउने उद्देश्यले हामीले संस्थाको भवनमा डिजिटल स्क्रोल बोर्ड व्यवस्था गरी प्रत्येक दिनको आर्थिक विवरण एवं संस्थाको अन्य गतिविधिबारे जानकारी गराइने गरिएको छ ।

संस्थाले आयोजना गरेका हरेक कार्यक्रमहरुमा प्रत्यक्ष संलग्न रही कार्यक्रमलाई सफल बनाउने प्रयास गरेको यस उप-समितिले आफ्नो कार्यक्षेत्र भित्र वौद्धिक व्यक्तित्व, जागरुक युवा जमात एवं महिला महानुभावहरु, बेरोजगारी वर्ग, उद्योगी-व्यवसायीहरुलाई संस्थाप्रति आकर्षित बनाउन विभिन्न डिजीटल एवं Hands Out प्रकाशन माध्यमबाट प्रचार-प्रसार कार्यक्रमलाई अधिक प्रयोग गर्दै आफ्नो कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ । साथै विगतका साधारणसभाबाट पास भएका एवं यस साधारणसभाबाट पास हुने कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गराउन प्रचार-प्रसार गरी त्यसलाई सफल बनाउनको लागि आगामी दिनमा संचालक समितिलाई सहयोग गर्न र सदस्यहरुलाई सेवा दिन यस उप-समिति सदा तत्पर रहने कुरा अवगत गराउन चाहन्छु ।

अन्तमा, यस चमेली कल्याणकारी साकोसका विभिन्न कार्यक्रम सफल पार्न अतुलनीय भूमिका निर्वाह गर्नुभएका संस्थाका सम्पूर्ण सल्लाहकारज्यू, संचालक समिति, विभिन्न उप-समितिका सदस्यज्यूहरु, कर्मचारीहरु, सहकारी मित्रहरुका साथै यस प्रचार प्रसार तथा प्रकाशन उप-समितिका सदस्य मित्रहरु श्री गोविन्दहरि घिमिरे, श्री अनिल न्यौपाने, श्री राजेश चौलागाई र श्री विष्णु न्यौपानेलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यबाद ! जय सहकारी ।

# मिति २०७५आश्विन महिना देखि २०७६ साउन १४ गते सम्म शेयर सदस्यहरूका एकाघर परिवारमा दिवंगत हुने आफन्तजनहरूको नामावली

यस संस्थाका देहाय अनुसारका सदस्य महानुभावहरूका आफन्तजनहरू उल्लिखित मितिमा स्वर्गारोहण हुनु भएकोले दिवंगत आत्माहरूको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छौं ।

| सि.नं | सदस्य नं. | सदस्यको नाम थर | नाता | दिगंवत व्यक्ति | दिगंवत मिति | उमेर |
|---|---|---|---|---|---|---|
| १ | १७४ | श्री राम लाल मानन्धर | माता | श्री माईली मानन्धर | २०७८।०२।२९ | ८६ |
| २ | २६८० | श्री नानी मैया विष्ट | पति | श्री नारायण ब.विष्ठ | २०७८।०७।१ | ८२ |
| ३ | २४९७ | श्री पशुपति थापा | माता | श्री मखन थापा | २०७८।०७।०८ | ८६ |
| ४ | १६७८ | श्री नवराज न्यौपाने | माता | श्री सावित्री न्यौपाने | २०७८।०७।०८ | ६६ |
| ५ | २६४७ | श्री कल्यायाणी बस्नेत | पति | श्री गंगा बा. बस्नेत | २०७८।०९।२१ | ७६ |
| ६ | ३०९९ | श्री कृष्ण थापा | पिता | श्री सानुभाई थापा | २०७८।०६।२० | ८३ |
| ७ | २५३० | श्री  विष्ण प्र न्यौपाने | श्रीमती | श्री धन कुमारी (मिठु) | २०७८।०६।२२ | ७३ |
| ८ | २०३० | श्री विमला केसी समेत | ससुरा | श्री ईन्द्र बहादुर खत्री | २०७८।०६।२० | १०४ |
| ९ | ३७८३ | श्री कान्छी श्रेष्ठ | पिता | श्री रत्नकृष्ण श्रेष्ठ | २०७८।०७।२४ | ५६ |
| १० | ३२४६ | श्री कमला थापा | पति | श्री कमल बहादुर थापा | २०७८।०८।१२ | ८० |
| ११ | १६६५ | श्री हरि बहादुर थापा | माता | श्री कृष्ण कुमारी थापा | २०७८।०८।२२ | १०० |
| १२ | २४५८ | श्री कविराम खड्का | पिता | श्री तारा बहादुर खड्का | २०७८।०८।२२ | ७८ |
| १३ | ३३५० | श्री राजन थापा | माता | श्री सान्नानी थापा | २०७८।०८।२९ | ८० |
| १४ | १०३१ | श्रीलक्ष्मी प्र न्यौपाने समेत | माता | श्री मैया न्यौपाने | २०७८।९।१८ | ९६ |
| १५ | ३६२९ | श्री भगवती डोटेल | सासु | श्री हिरामायाँ डोटेल | २०७८।०९।१५ | ७३ |
| १६ | १७७९ | श्री मन्जु कार्की खड्का | पति | श्री कुमार खड्का | २०७८।१०।०८ | ५१ |
| १७ | ८९० | श्री रामहरि खड्का | माता | श्री मिठु खड्का | २०७८।१०।२२ | ८७ |
| १८ | २१२ | श्री शिब प्र. न्यौपाने समेत | माता | श्री कालिदेवी न्यौपाने | २०७८।१०।१९ | ८४ |
| १९ | २७६२ | श्री सन्तोस पोखरेल | पिता | श्री गोपाल प्र. पोखरेल | २०७८।१०।२६ | ६५ |
| २० | १४८१ | श्री रुपा के सी कार्कि | ससुरा | श्री कृष्ण बहादुर कार्कि | २०७८।११।०९ | ७९ |
| २१ | २९२१ | श्री राम प्यारी पन्त | सासु | श्री सुमित्रा पन्त | २०७८।११।०५ | ८८ |
| २२ | ३८१ | श्री सुभद्रा न्यौपाने | पति | श्री कान्छो न्यौपाने | २०७८।११।२० | ४१ |
| २३ | १३२७ | श्री पूर्णमाया मानन्धर | पति | श्री कृष्ण बा मानन्धर | २०७८।१२।०८ | ७६ |
| २४ | १४५७ | श्री भगबती गौतम | सासु | श्री बाटुली गौतम | २०७९।०१।११ | ८१ |
| २५ | २९४२ | श्री संगिता खड्का | ससुरा | श्री सुर्य ब. खड्का | २०७९।०१।०३ | ९२ |
| २६ | ५९२ | श्री राजेन्द्र बहादुर राउत | आमा | श्री देबकी राउत | २०७९।०१।२६ | ७३ |
| २७ | २८८४ | श्री शिबहरि बगाले | पिता | श्री जय प्रसाद बगाले | २०७८।०८।५ | ९८ |
| २८ | ६७७ | श्री बासुदेब चौलागाई | माता | श्री धर्ममाया चौलागाई | २०७९।०२।३० | ७७ |
| ३० | ३०८५ | श्री वरदान न्यौपने | पिता | श्री पुष्पराज न्यौपाने | २०७९।३।२५ | ४९ |
| ३१ | २९२६ | श्री राममाया थापा | ससुरा | श्री कृष्ण बहादुर थापा | २०७९।०४।०१ | ८८ |
| ३२ | ८७४ | श्री पुरुषोत्तम प्र. घिमिरे | पिता | श्री हरि प्रसाद घिमिरे | २०७९।०५।०८ | ८१ |
| ३३ | ३५९६ | श्री राम शरण खड्का | माता | श्री चित्र कुमारी खड्का | २०७९।०५।११ | १०१ |

## चमेली सुनौलो भविष्य बचत योजना

| सि.नं. | विवरण | १५ वर्षमा जम्मा रकम | २० वर्षमा जम्मा रकम | १५ वर्ष पछि एकमुष्ठ भुक्तानी रकम | २० वर्ष पछि एकमुष्ठ भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | मासिक रु ५००। | ९०,०००.०० | १,२०,०००.०० | १९२,६००.०० | ३०२,४००.०० |
| २ | मासिक रु १०००। | १,८०,०००.०० | २,४०,०००.०० | ३८५,२००.०० | ६०४,८००.०० |
| ३ | मासिक रु १५००। | २,७०,०००.०० | ३,६०,०००.०० | ५७७,८००.०० | ९०७,२००.०० |
| ४ | मासिक रु २०००। | ३,६०,०००.०० | ४,८०,०००.०० | ७७०,४००.०० | १२,०९,६००.०० |

**अतिरिक्त सेवाहरूः**

**सहुलियत मल विक्री, विजुली टेलिफोन बील भुक्तानी, मोवाईल रिचार्ज, विप्रेषण (रेमिट्यान्स) सेवा उपलब्ध छ ।**

## सहकारीका सिद्धान्तहरू

१. स्वेच्छिक तथा खुल्ला सदस्यता ।
(Voluntary and open memership)

२. सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण ।
(Member's democratic control)

३. सदस्यहरूद्वारा आर्थिक सहभागीता ।
(Member's economic participation)

४. स्वायत्तता र स्वतन्त्रता ।
(Autonomy and independence)

५. शिक्षा, तालिम र सूचना ।
(Education, training and information)

६. सहकारीहरू बीच सहयोग ।
(Co-operation among co-operatives)

७. समुदायप्रति चासो ।
(Concern for community)

# सुझाव/टिपोट